मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक १२४ ● २०८२ साल चैत्र ०९ गते सोमबार ● Monday 23, March 2026 ● सूर्योदय: बिहान ०६:०६ बजे ● सूर्यास्त: साँझ ०६:१७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## नाबालिकामाथि अनैतिक कार्य गर्ने वृद्ध पक्राउ

**मधेशदृष्टि**
**सिमरा ।**
१३ वर्षीया बालिकामाथि अनैतिक कार्य गरेको आरोपमा ईलाका प्रहरी कार्यालय सिमराले एक जना वृद्धलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बारा जिल्लाको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ जितपुर बस्ने अन्दाजी ७० को लकिचन्द साह कलवार रहेका छन् ।

प्रहरीले गएराति उनलाई पक्राउ गरेको हो । आरोप तथा घटनाबारे अनुसन्धान भइरहेको सिमराका प्रहरी नायब उपरीक्षक दिलीप क्षेत्रीले जानकारी दिए ।

# कसरी अल्झियो मधेशको सौर्य ऊर्जा योजना ?



मधेशदृष्टि
जनकपुरधाम।
मधेशलाई सौर्य ऊर्जाको प्रचुर सम्भावना भएको प्रदेशका रूपमा लिइन्छ । 'हाम्रो प्रदेश, उज्यालो प्रदेश' भन्ने नारासहित यसलाई समृद्धिको आधार बनाउने लक्ष्य राखिए पनि सरकारी बेवास्ता र कानूनी जटिलताका कारण अपेक्षित प्रगति हुन सकेको छैन।

प्रदेश सरकार गठनपछि आर्थिक वर्ष २०७७–७८ मा संघीय सरकारले सौर्य ऊर्जाका लागि एक करोड रुपैयाँ पठाएको थियो। त्यसपछि लगातार दुई वर्ष तीन–तीन करोडका दरले बजेट विनियोजन भए पनि खर्च हुन नसक्दा अहिले संघीय सरकारले बजेट नै रोकिसकेको अवस्था छ। प्रदेश सरकारले समेत थप दुई करोड थपेर पाँच करोडको योजना बनाएर काम थालेको थियो, तर कार्यान्वयन हुन सकेन।

सुरुवातमा मधेश भवनमा सोलार प्लान्ट जडान गर्ने योजना ल्याइए पनि कार्यविधिको अभाव र नेपाल विद्युत् प्राधिकरण को स्वीकृति नपाउँदा डीपीआर तयार भएर पनि योजना अघि बढ्न सकेन।

मधेसको प्रदेश ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका अनुसार एक मेगावाटभन्दा माथिका सौर्य परियोजनामा प्राधिकरणको अनुमति अनिवार्य हुने प्रावधान नै प्रमुख बाधक बनेको छ । साथै, मन्त्रालयमा प्राविधिक जनशक्तिको अभावले पनि काम प्रभावित भएको छ।

२०७६ सालमा तत्कालीन ऊर्जामन्त्री ओमप्रकाश शर्माले विद्यालय र रेडियो एफएमलाई सोलार अनुदान दिने योजना ल्याएका थिए। तर प्राधिकरणको असहयोगका कारण योजना कार्यान्वयन हुन सकेन।

त्यसपछि प्रदेश सरकारले 'प्रादेशिक विद्युत् ऐन २०७७' ल्याए पनि नेपाल विद्युत् प्राधिकरण ऐनसँग बाझिने प्रावधानका कारण कार्यान्वयनमा आउन सकेन । विद्युत् क्षेत्रको अधिकांश अधिकार संघमै केन्द्रित रहेकाले प्रदेशका योजना अलपत्र परेका छन्।

प्रदेशले 'सौर्य ऊर्जा विशेष कार्यक्रम कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि २०८०' पनि ल्यायो, जसअन्तर्गत विद्यालय, अस्पताल, एफएम तथा महिला उद्यमी उद्योगमा सौर्य प्रणाली जडान गर्ने लक्ष्य राखिएको थियो । तर बजेट शीर्षकको असंगत व्यवस्था, सार्वजनिक जग्गा प्रयोगसम्बन्धी जटिलता र स्वीकृति प्रक्रियाका कारण यो पनि कार्यान्वयन हुन सकेन।

नीति तथा योजना आयोग मधेशका पूर्व उपाध्यक्ष डा. भोगेन्द्र झाका अनुसार समस्या केवल प्राधिकरण मात्र नभई संघीय संरचनाको अस्पष्ट अधिकार बाँडफाँटमा पनि छ । 'पहिले अधिकार स्पष्ट हुनुपथ्र्यो, त्यसपछि मात्रै योजना ल्याउनु उपयुक्त हुन्थ्यो,' उनले बताए।

पूर्व मुख्यमन्त्री लालबाबु राउतले समेत संघीय सरकारको 'गलत नियत' का कारण सौर्य ऊर्जा विकास अवरुद्ध भएको आरोप लगाउँदै आईरहेका छन् । उनका अनुसार क्यानडाको स्काई पावर कम्पनीसँग २५० मेगावाट सौर्य परियोजनाको सम्झौता भए पनि प्राधिकरणले विद्युत् खरिद सम्झौता नगर्दा परियोजना अघि बढ्न सकेन।

२०७५ को लगानी सम्मेलनमा चौधरी ग्रुप (सीजी) र स्काई पावरबीच ६०० मेगावाट सौर्य परियोजनामा ५० अर्ब रुपैयाँ लगानी गर्ने सहमति भएको थियो। मधेशमा २५० मेगावाटका तीन परियोजना सञ्चालन गर्ने योजना पनि बनेको थियो । तर नेपाल विद्युत् प्राधिकरण सँग आवश्यक सम्झौता नहुँदा पर्साको परवानीपुर (३० मेगावाट) र महोत्तरीको ढल्केवर (१२० मेगावाट) परियोजना अघि बढ्न सकेनन्।

*मधेश प्रदेशको पहिलो आवधिक योजना (२०७६–७७–२०८०–८१) समेत प्रभावकारी हुन सकेन । सौर्य ऊर्जामा पर्याप्त सम्भावना हुँदाहुँदै पनि वैदेशिक लगानी अभाव र जनस्तरमा चेतनाको कमीले योजना कागजमै सीमित भएको विज्ञहरूको भनाइ छ ।*

दोस्रो आवधिक योजनामा समेत सोलार प्रयोग गर्ने दर मात्र ०.८ प्रतिशत रहेको उल्लेख गरिएको छ, जसले प्रदेशमा सौर्य ऊर्जाको कमजोर अवस्थालाई देखाउँछ।

वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रका अनुसार हाल मधेश प्रदेशमा १२६ वटा संस्थागत सौर्य प्रणाली सञ्चालनमा छन्, जसको कुल क्षमता २०८.५० किलोवाट छ । साथै २,८२८ वटा सौर्य सिँचाइ प्रणाली जडान भइसकेका छन्। यद्यपि, ठूलो परिमाणमा सौर्य ऊर्जा उत्पादन गर्ने महत्वाकांक्षी योजनाहरू भने अझै कार्यान्वयनको प्रतीक्षामै छ।

# मन्त्री नै उत्रिए मधेशको राजधानीमा फुटपाथ अतिक्रमण हटाउन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको राजधानीसमेत रहेको धनुषाको जनकपुरधामका व्यस्त सडक किनारमा वर्षौंदेखि कब्जामा रहेको फुटपाथ अतिक्रमण हटाउने अभियानलाई थप कडाइका साथ अघि बढाइएको छ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोको अगुवाइमा रामानन्द चोकदेखि जानकी मन्दिर क्षेत्रसम्म व्यापक रूपमा फुटपाथ खाली गराइएको हो । मन्त्री महतो स्वयम् सडकमा उत्रिएर सुरक्षा निकाय, स्थानीय प्रशासन तथा सरोकारवाला निकायसँगै माइकिङ गर्दै व्यवसायीहरूलाई तत्काल फुटपाथ खाली गर्न निर्देशन दिए।

अभियानमा प्रहरी प्रशासन, जनकपुरधाम उद्योग वाणिज्य संघ तथा स्थानीय तहका प्रतिनिधिहरूको सक्रिय सहभागिता देखिएको थियो । 'फुटपाथ पैदल यात्रुका लागि बनाइएको हो, यसलाई अतिक्रमण गरेर व्यापार गर्नु कानूनविपरीत हो,' मन्त्री महतोले भने, 'नियम नमानेर पुनः अतिक्रमण गर्नेहरूलाई अब कारबाही गरिनेछ ।'

उनले राजधानी शहरलाई व्यवस्थित र सुरक्षित बनाउन यस्तो कदम अपरिहार्य भएको स्पष्ट पारे।

रामानन्द चोकदेखि जानकी मन्दिरसम्मको क्षेत्र जनकपुरधामको सबैभन्दा व्यस्त तथा धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छ । मन्दिर आसपास दैनिक ठूलो संख्यामा श्रद्धालु तथा पर्यटकको आवागमन हुने भएकाले फुटपाथ अतिक्रमणले पैदल यात्रुहरूलाई गम्भीर समस्या निम्त्याउँदै आएको थियो।

अभियान अन्तर्गत टोलीले सडक किनारमा अस्थायी रूपमा सञ्चालन भइरहेका पसल, ठेला तथा संरचनाहरू हटाउँदै फुटपाथ खाली गराएको छ । साथै, माइकिङमार्फत आगामी दिनमा पनि अतिक्रमण नगर्न चेतावनी दिइएको छ।

मन्त्री महतोले फुटपाथ व्यवसायीहरूलाई वैकल्पिक स्थानको रूपमा रंगभूमी मैदानमा सर्न आग्रह गर्दै त्यहाँ व्यवस्थित रूपमा व्यापार सञ्चालन गर्न सकिने बताए । 'हामी कसैको रोजगारी खोस्न खोजिरहेका छैनौं। तर, शहर व्यवस्थापन पनि उत्तिकै आवश्यक छ,' उनले भने।

स्थानीय प्रशासनका अनुसार फुटपाथ अतिक्रमणका कारण ट्राफिक व्यवस्थापनमा अवरोध सिर्जना हुनुका साथै दुर्घटनाको जोखिम समेत बढ्दै गएको थियो। साथै, शहरको सौन्दर्यमा समेत नकारात्मक असर परिरहेको भन्दै अभियानलाई दीर्घकालीन रूपमा निरन्तरता दिने तयारी गरिएको छ।

मन्त्री महतोले व्यवसायीहरूको गुनासो सुन्दै सबै पक्षसँग छलफल गरी दीर्घकालीन समाधान निकाल्ने प्रतिबद्धता जनाए । 'व्यवसायी, स्थानीयवासी र प्रशासनबीच सहकार्य गरेर व्यवस्थित जनकपुरधाम निर्माण गरिन्छ,' उनले भने।

सरोकारवालाहरूले यस अभियानलाई शहर व्यवस्थापनतर्फको महत्वपूर्ण कदमका रूपमा लिँदै यसको निरन्तरतामा जोड दिएका छन्।

# भारतीय दम्पती एउटै पंखामा झुण्डिएको अवस्थामा फेला




**मधेशदृष्टि**
**वीरगंज।**
नयाँ बसपार्कको भानु चोकनजिक रहेको नवदुर्गा लजको कोठाभित्र एउटै सिलिङ् फयान (पंखा)मा पासो लगाएको अवस्थामा भारतीय दम्पती फेला परेका छन्।

भारत, पश्चिम बंगाल प्रान्तको कोलकत्ताका अन्दाजी ३४ वर्षीय बपन पत्रामा र उनकी पत्नी एउटै पंखामा पासो लगाएर झुण्डिएका हुन् । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार, दुवै जना चैत ४ गते बिहान लजमा बास बस्न आएका थिए। त्यह दिन लजको कोठाबाट उनीहरुसँगै बाहिर निस्किएर बजार घुमेर फेरि लजमै फर्किएका थिए।

आइतबार बिहान अबेरसम्म पनि उनीहरुमध्ये कोही पनि कोठाबाट नस्किएपछि लजका कर्मचारीले कोठाको ढोकामा पुगेर ढक्ढक्याउँदा भित्रबाट कोठा नखुलेपछि लज सञ्चालकले आइतबार बिहान ११ बजे प्रहरीमा खबर गरेपछि घटना बाहिर आएको हो।

प्रहरीले भित्रबाट चुकुल लगाइएको ढोका फोडेर खानतलासी गर्दा दुवै जना एउटै पंखामा पासो लगाएर झुण्डिएको अवस्थामा मृत भेटिएका हुन्।

लजमा बास बस्न आएका दिन उनीहरुले कलकताका बपन पत्रमाको नाममा लजा नाम लेखाएका थिए। महिलाको नाम खुलाइएको छैन।

उनीहरु वीरगंज आउनुको कारण पनि खुल्न बाँकी छ। दुवैको शव पोष्टमार्टमका लागि नारायणी अस्पतालमा पठाइएको छ।

# दशरथ मन्दिर परिसरका अवैध संरचना हटाउन माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम–८ दशरथनगरस्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको दशरथ मन्दिर अतिक्रमण र अव्यवस्थित गतिविधिका कारण विवादमा तानिएको छ।

रामायण सर्किट फाउन्डेसनले जिल्ला प्रशासन कार्यालय धनुषामा निवेदन दिंदै मन्दिर परिसरभित्र सञ्चालन भइरहेको अवैध अस्पताल तथा दशरथ सरोवरमा गरिएको माछा पालन ठेक्का तुरुन्त रोक्न माग गरेको हो।

फाउन्डेसनका अध्यक्ष जय प्रकाश साह (पप्पु) र महासचिव दिपेन्द्र कुमार मिश्र (बिरु) द्वारा हस्ताक्षरित निवेदनअनुसार पौराणिक कालदेखि नै भगवान रामका पिता दशरथसँग सम्बन्धित मानिने उक्त स्थल ऐतिहासिक तथा धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरिएको छ।

राजर्षि जनकले स्वागतस्वरूप निर्माण गराएको भनिने दशरथ तलाव र त्यसको पश्चिम–उत्तर कुनामा रहेको मन्दिर अहिले अतिक्रमणको चपेटामा परेको गुनासो गरिएको छ । निवेदनमा मन्दिरको उत्तरतर्फ संरचनालाई असर पर्ने गरी सञ्चालनमा रहेको 'संकट मोचन बाल क्लिनिक' अस्पताललाई अवैध बताउँदै त्यसलाई हटाउन माग गरिएको छ।

साथै, पवित्र मानिने दशरथ सरोवरमा माछा पालनका लागि दिइएको ठेक्काले धार्मिक आस्थामाथि चोट पुगेको भन्दै सो कार्य पनि रोक्न प्रशासनसँग आग्रह गरिएको छ। फाउन्डेशनले उक्त क्षेत्रलाई पूर्ण रूपमा अतिक्रमणमुक्त गरी ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ।

# हरि खेतान क्याम्पसको विवाद समाधानउन्मुख



**मधेशदृष्टि**
**वीरगंज।**
हरि खेतान बहुमुखी क्याम्पसमा देखिएको विवाद समाधानतर्फ उन्मुख भएको छ । जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको बैठकले स्थगित परीक्षा र पठनपाठन तत्काल सञ्चालन गर्ने निर्णय गरेको छ । बैठकमा क्याम्पस व्यवस्थापन समिति, प्राध्यापक तथा विद्यार्थीबीच सहमति भएको जनाइएको छ।

क्याम्पस प्रशासनले आइतबार स्थगित गरेको परीक्षा तथा पठनपाठन तत्काल सञ्चालन गर्ने निर्णय भएको बैठकका सहभागीहरूले बताएका छन् । त्यस्तै, आन्दोलनका क्रममा घाइते भएका विद्यार्थीहरूको उपचारको व्यवस्था क्याम्पस प्रशासनले मिलाउने निर्णय पनि गरिएको छ । विद्यार्थीका अन्य माग तथा समस्याबारे छलफल गर्न क्याम्पस व्यवस्थापन समिति, क्याम्पस प्रशासन र विद्यार्थीबीच पुनः बैठक बस्ने सहमति भएको छ । यसअघि कक्षा १२ को त्रैमासिक परीक्षा अचानक स्थगित भएपछि विद्यार्थीहरूले आन्दोलन, चक्काजाम र प्रदर्शन गरेका थिए । विद्यार्थी आन्दोदनको क्रममा क्याम्पस परिसरमा रहेको बस तोडफोड हुनका साथै क्याम्पसभित्र पनि केही क्षति पुगेको थियो । यसक्रममा तीनजना विद्यार्थी पक्राउ परेका थिए । जिल्ला प्रशासनमा भएको छलफलपछि अब क्याम्पसको शैक्षिक गतिविधि नियमित गर्ने सहमति भएको जनाइएको छ । यसअघि हरि खेतान बहुमुखी क्याम्पसका विद्यार्थीहरु आन्दोलनका कारण वीरगंज घण्टाघर क्षेत्र अस्तव्यस्त बनेको थियो।

# ४०,००० स्थायी शिक्षकको अभिलेख ‘डिजिटलाइजेसन’

**काठमाडौँ ।**
राष्ट्रिय किताबखाना (शिक्षक)ले ४० हजार स्थायी शिक्षकको व्यक्तिगत अभिलेख ‘डिजिटलाइजेसन’ गरेको छ ।
किताबखानाले गत आर्थिक वर्षमा २० हजार र चालु आवमा थप २० हजार शिक्षकको व्यक्तिगत अभिलेख ‘डिजिटलाइजेसन’ गरेको उपमहानिर्देशक दिनेश घिमिरेले जानकारी दिए । उनले यस आवको अन्त्यसम्म थप सात हजार शिक्षकको व्यक्तिगत सोहीअनुसार अभिलेख गर्ने लक्ष्य लिइएको बताए ।
किताबखानाले सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई निवृत्तिभरण, उपदान, उपचार खर्च, सञ्चित बिदाको रकम भुक्तानी, पारिवारिक निवृत्तिभरण, शैक्षिक तथा सन्तति वृत्तिलगायत सुविधाहरू उपलब्ध गराउँदै आएको छ । शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भएबमोजिम अवकाशप्राप्त शिक्षकले किताबखानाबाट पेन्सनपट्टा बनाउँछन् ।
कार्यरत शिक्षक ६० वर्ष उमेर पुगेपछि अनिवार्य अवकाश जाने व्यवस्था छ । सो संस्थाले वर्षमा दुई पटक (माघ र वैशाख) शिक्षकको अनुमानित अनिवार्य अवकाशको सूची प्रकाशन गर्दै आएको छ । तत्कालीन शिक्षा मन्त्रालय अन्तर्गत विभागस्तरीय कार्यालयको रूपमा स्थापना भएको विद्यालय शिक्षक किताबखाना मुलुकको शासकीयस्वरूप परिवर्तन पश्चात् हाल सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालनमा छ ।
उपमहानिर्देशक घिमिरेका अनुसार यस आवभित्र दुई हजार ८३ शिक्षकको अवकाश हुँदैछ । यसका अलावा किताबखानाले शिक्षकको सिटरोल दर्ता तथा प्रमाणीकरण, नोकरी विवरण अद्यावधिक, उमेर हदका कारण अनिवार्य अवकाश पाउने शिक्षकहरूको नामावली प्रकाशन, वार्षिक तलब विवरण पारित, निवृत्तिभरण कोषको सञ्चालन, सेवा अवधि गणनासम्बन्धी काम, सम्पत्ति विवरण दर्ता, शिक्षकको पदपूर्तिदेखि अवकाशसम्मका कार्य सम्पन्न गर्दै आएको छ ।
शिक्षा मन्त्रालयको शैक्षिक सूचना सँगालो, २०८१ अनुसार आधारभूत र माध्यमिक तहमा स्थायी शिक्षक ८३ हजार ९ सय ८९, अस्थायी शिक्षक २९ हजार ६ सय ९९ र राहत शिक्षक ३९ हजार ९ सय ६२ गरी एक लाख ५६ हजार ६ सय ४० शिक्षक सामुदायिक विद्यालयमा कार्यरत छन् ।

# गगन थापाको राजीनामा अस्वीकृत



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति गगन थापाले दिएको राजीनामा अस्वीकृत भएको छ ।
शुक्रबार र आइतबार भएको केन्द्रीय कार्यसमिति बैठकले सभापति थापाको राजीनामा अस्वीकृत गर्ने निर्णय गरेको हो ।
फागुन २१ गते सम्पन्न निर्वाचनको परिणामलाई लिएर नैतिक रूपमा थापाले राजीनामा दिए पनि त्यसलाई कार्यसमिति बैठकले सर्वसम्मत रूपमा अस्वीकृत गर्ने निर्णय गरेको हो ।

# परम्परागत ज्ञान र आधुनिक प्रविधिमार्फत हिमाली चरनभूमि संरक्षण गरिँदै



भीष्मराज ओझा/रासस
काठमाडौँ ।
परम्परागत ज्ञान र आधुनिक विज्ञानमार्फत मुलुकका उच्च हिमाली क्षेत्रमा रहेका चरनभूमिको संरक्षण गरिने भएको छ । चरनभूमिको संरक्षण गर्न ‘नेपालका उच्च हिमाली चरनभूमि संरक्षणका लागि धार्मिक नेतृत्वको पुनर्जीवन’ नामक चार वर्षे परियोजना सुरु गरिएको हो । यसका लागि नेपाल सरकारले विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालको सहयोगमा उक्त परियोजना बिहीबारदेखि प्रारम्भ गरेको हो ।
यस परियोजनाको उद्देश्य कर्णाली प्रदेशस्थित डोल्पाको माथिल्लो दुर्गम क्षेत्रमा रहेका उच्च हिमाली चरनभूमिको संरक्षण गर्नु तथा स्थानीयको जीविकोपार्जन सुधार गर्नु, सांस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवद्र्धन गर्नुलगायत रहेका छन् । संयुक्त अधिराज्यको ‘डर्विन इनिसिएटिभ’मार्फत वित्त पोषित यस सहकार्यले सरोकार भएका निकायको क्षमता उपयोग गर्दै सह–व्यवस्थापनको नवीन दृष्टिकोण अपनाउने छ । जसमा स्थानीय परम्परागत ज्ञान र आधुनिक विज्ञानको समन्वय गरिने जनाइएको छ ।
सन् २०२६ लाई ‘चरनभूमि तथा पशुपालकको अन्तरराष्ट्रिय वर्ष’ का रूपमा मनाइँदैछ । नेपालको उच्च हिमाली चरनभूमिहरूले हजारौँ वर्षदेखि प्रकृति र मानव जीवनलाई धान्दै आएका छन् । यी चरनभूमि आम्दानीको महत्वपूर्ण स्रोत हुनुका साथै जनताका लागि जल सुरक्षाको सुनिश्चिततामा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् । डोल्पासहित हिमाली क्षेत्रमा यी चरनभूमिले हिउँ चितुवालगायत विविध जैविक सम्पदालाई संरक्षण गर्छन् भने आदिवासी तथा स्थानीय समुदायका लागि सामाजिक–आर्थिक जीवनरेखाको रूपमा कार्य गर्नेछन् । बढ्दो मानवीय दबाब तथा जलवायु परिवर्तनका प्रभावले यी चरनभूमि प्रत्यक्ष जोखिममा परिरहेका छन् ।
डब्लुडब्लुएफ नेपालले देशका दुर्गम क्षेत्रमा रहेका वञ्चित समुदायसँग काम गर्ने सुदृढ अनुभव हासिल गरेको जनाएको छ । डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले ‘डर्विन इनिसिएटिभ’को सहयोगमा यसअघि तराई क्षेत्रमा आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको जीवनस्तर सुधारका कार्य गरिएको बताए । ‘डोल्पाको माथिल्लो क्षेत्रमा सञ्चालन हुने यो नयाँ परियोजनामार्फत समुदायमा आधारित संरक्षण र जीविकोपार्जनलाई सुदृढ गर्दै समान प्रभाव हासिल गर्ने हाम्रो लक्ष्य छ,’ उनले भने ।
नेपालले यी चरनभूमिको प्राकृतिक तथा सांस्कृतिक अखण्डताको संरक्षणलाई उच्च प्राथमिकता दिएको छ । दूरदर्शी नीतिहरूले सह–व्यवस्थापनका लागि अनुकूल वातावरण सिर्जना गरेका छन् । जसमा आदिवासी तथा स्थानीय समुदायको सार्थक सहभागिता सुनिश्चित गरिएको छ । तथापि, दुर्गमता, सीमित स्रोतसाधन तथा व्यवस्थापनसम्बन्धी अस्पष्ट जिम्मेवारीजस्ता व्यावहारिक चुनौतीहरूले प्रभावकारी संरक्षणमा अझै अवरोध सिर्जना गरिरहेका छन् ।
डब्लुडब्लुएफ नेपालले वन तथा वातावरण मन्त्रालयअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र स्थानीय समुदायसँग सहकार्य गर्दै से–फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा समग्र संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ । जहाँ हिउँ चितुवालाई प्रमुख वन्यजन्तुको रूपमा लिइएको छ ।
संरक्षणको दिगोपन सरोकार भएका निकायको सक्रिय सहभागिता र जिम्मेवारीमा निर्भर हुने भएकाले यी प्रयासहरूले प्रकृति र मानव कल्याणबीचको सकारात्मक सम्बन्धलाई मजबुत बनाउँदै सहअस्तित्व प्रवद्र्धनलाई प्राथमिकता दिएका छन् । वन्यजन्तुसँगको द्वन्द्व व्यवस्थापन, जीविकोपार्जन विविधिकरण, शिक्षा तथा स्वच्छ ऊर्जामा पहुँच विस्तार यसका प्रमुख प्राथमिकता हुन् ।
‘चरनभूमि व्यवस्थापनमा समुदायको सहभागिता र परम्परागत ज्ञानको एकीकरण नेपाल सरकारको प्राथमिक रणनीति हो । यस महत्वपूर्ण परियोजनामा योगदान पुर्याउने दातृ निकाय र साझेदारलाई विभाग धन्यवाद दिन चाहन्छ,’ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेलले भने ।
यो संयुक्त अधिराज्यद्वारा वित्तपोषित परियोजनाले हालसम्मका प्रयासलाई आधार मानेर चरनभूमि तथा तिनबाट प्राप्त हुने मूर्तअमूर्त सेवालाई दीर्घकालीन रूपमा सुरक्षित गर्दै मानव कल्याणमा योगदान पुर्याउने लक्ष्य राखेको उनले बताए ।
विभाग र से–फोक्सुन्डो राष्ट्रिय निकुञ्जको नेतृत्व तथा से–फोक्सुन्डो गाउँपालिकाको मार्गदर्शनमा सञ्चालन हुने यस परियोजनाले नेपालको उच्च हिमाली चरनभूमिका लागि पुनरावृत्ति गर्न सकिने प्रभावकारी शासन ढाँचा विकास गर्ने लक्ष्य राखेको छ ।
परियोजना क्षेत्रका चरनभूमिले बुद्ध र मुक्पोरङ मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका ६५० भन्दा बढी परिवारलाई सहयोग पुर्याइरहेको छ । जहाँ समुदाय जीविकोपार्जनका लागि पशुपालन, गैरकाठ वन उपज तथा परम्परागत औषधिमा निर्भर छन् ।
नेपाल सरकारका नीति, परम्परागत ज्ञान र अन्तरराष्ट्रिय उत्कृष्ट अभ्यासको मार्गदर्शनमा यस परियोजनाले स्थानीय समुदायका सदस्य–विशेष गरी युवा, महिला र गोठालालाई सशक्त बनाउने बताइएको छ । जसले मध्यवर्ती क्षेत्र प्रयोगकर्ता समितिका चरनभूमि व्यवस्थापन उपसमितिमा सक्रिय भूमिका निर्वाह गर्नेछन् ।
‘यो परियोजना ‘डर्विन इनिसिएटिभ’मार्फत संयुक्त अधिराज्यको सहयोगले स्थानीय नेतृत्व सुदृढ गर्दै मानव र प्रकृतिलाई समान रूपमा लाभ पुर्याउने उत्कृष्ट उदाहरण हो । धार्मिक अगुवा र समुदायस्तरीय चरनभूमि समितिसँग सहकार्य गर्दै हामी बुद्धले लामो समयदेखि सिकाउँदै आएको एउटा सरल सत्यलाई स्वीकार गर्छौं । मानव र प्राकृतिक संसारको कल्याण आपसमा गहिरो रूपमा सम्बन्धित छन्,’ नेपालका लागि संयुक्त अधिराज्यका राजदूत रोब फेनले भने ।
डब्लुडब्लुएफ नेपाल बाहेक यस परियोजनाका साझेदार संस्थामा ‘दिगो कृषि र जैविक स्रोतका लागि एशियाली सञ्जाल’ (एन्साब) नेपाल र सोवा रिग्पा एसोसिएसन अफ नेपाल (एसआरएएन) रहेका छन् । ‘एन्साब’ नेपालले गैरकाठ वन उपजको दिगो सङ्कलन, मूल्य अभिवृद्धि तथा बजार पहुँचमा सहयोग गर्नेछ भने ‘एसआरएएन’ ले बौद्ध परम्परामा आधारित सोवा रिग्पा (उपचारको विज्ञान) को संरक्षण र समसामयिक सन्दर्भअनुसार सुदृढीकरणमा योगदान पुर्याउनेछ ।
परम्परागत ज्ञान प्रणालीको संरक्षण र सुदृढीकरणका लागि चरनभूमि व्यवस्थापन उपसमितिहरूको नेतृत्व धार्मिक अगुवा तथा परम्परागत चिकित्सक ‘अम्ची’हरूले गर्नेछन् । साथै, अम्चीहरूलाई कानूनी तथा दिगो औषधिजन्य सामग्री प्रयोगतर्फ रूपान्तरण गर्न सहयोग गरिने से फोक्सुन्डो राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत नुरेन्द्र अर्यालले जानकारी दिए । ‘जसले लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिमा निर्भरता घटाउँदै परम्परागत ‘सोवा रिग्पा’ उपचार पद्धतिको मौलिकता संरक्षण गर्नेछ,’ उनले भने ।

# बेमौसमी वर्षाका कारण नौ करोड बराबरको काँचो इँटामा क्षति

**नेपालगञ्ज ।**
दुई दिनसम्म परेको बेमौसमी वर्षाले करिब नौ करोड बराबरको काँचो इँटामा क्षति पुगेको छ ।
इँटा व्यवसायीका अनुसार पोल्नका लागि तयारी अवस्थामा राखिएको ठूलो परिमाणको काँचो इँटा वर्षाले नष्ट भएपछि व्यवसायीलाई रु आठ करोड ७५ लाख बराबरको क्षति भएको इँटा उद्योग व्यवसायी सङ्घ लुम्बिनी प्रदेशका उपाध्यक्ष तथा बाँकेको पिबिसी इँटा उद्योगका सञ्चालक दीपक अधिकारीले जानकारी दिए । उनले बेमौसमी वर्षाले एउटा उद्योगमा मात्र करिब पाँच लाख काँचो इँटा नष्ट भएको उल्लेख गरे ।
व्यवसायी अधिकारीले जिल्लामा रहेका ७० वटा इँटा उद्योगमा तीन करोड ५० लाख काँचो इँटा नष्ट भएकाले आठ करोड ७५ लाख रुपैयाँ बराबरको क्षति भएको बताए । एउटा काँचो इँटाको मूल्य २ रुपैयाँ ५० पैसा पर्ने अधिकारीले बताए ।
व्यवसायीका अनुसार खुलाचौरमा भर्खरै तयार पारेर सुक्नका लागि राखिएका अधिकांश इँटा पानीले भिजेर माटोमा परिणत भएका छन् । कर्णालीमा हिमपात भएसँगै बाँकेमा भएको वर्षाले यहाँका व्यवसायीले ठूलो क्षति बेहोर्नु परेको बाँकेका व्यवसायीहरुको भनाइ छ ।
इँटा उद्योग व्यवसायी सङ्घ बाँकेका अध्यक्ष देवबहादुर केसीले हरेक वर्ष बेमौसमी वर्षाको चपेटामा परेर जिल्लाका उद्योगीले ठूलो क्षति बेहोर्नु परेको बताए । उनले सरकारले काँचो इँटाको बिमा पनि नगर्ने र क्षतिपूर्ति पनि नदिने हुँदा व्यवसायीलाई ठूलो मर्का परेको उल्लेख गरे । रासस

# भुटनदेवी माविले अन्तर्राष्ट्रिय शैक्षिक गुणस्तर कायम गर्ने




**मधेशदृष्टि**
**हेटौँडा ।**
भुटनदेवी मावि, हेटौँडा–४ ले भौतिक र शैक्षिकस्तर अन्तर्राष्ट्रिय गुणस्तर कायम गर्ने भएको छ । भुटनदेवी मावि र ग्लोबल क्वालिटी काउन्सिल, नेपालको प्रतिनिधिबीच आइतबार भएको कार्यक्रममा आइएसओमा जाने सम्झौता भएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिग्देल, विध्यालयका प्रअ सूर्यप्रसाद घिमिरे र काउन्सिलका प्रतिनिधि सुदीप शर्माले सम्झौता पत्रमा हस्ताक्षर गरे ।
विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावक संघ, विद्यालय अनुगमन समितिका सदस्यहरूलाई अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड र सूचकबारे अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको विद्यालयका प्रअ सूर्यप्रसाद घिमिरेले जानकारी दिए ।
एक वर्षभित्र अर्थात् आगामी २०८३ चैत्र मसान्तभित्र अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणिकरण गरिसक्ने लक्ष्य रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिग्देलले बताए । उनले भौतिक संरचनाको गुणस्तरीय व्यवस्थापन र शैक्षिक वातावरण अन्तर्राष्ट्रियस्तरको मापदण्ड कायम गरिने प्रतिबद्धता समेत व्यक्त गरे ।
विद्यालयको प्रारम्भिक बस्तुस्थितिको परिक्षण र आगामी ३ वर्षे शैक्षिक गुणस्तर ढाँचा तयार गरिएको ग्लोबल क्वालिटी काउन्सिल, नेपालका प्रतिनिधि सुदीप शर्माले जानकारी दिए । शर्माले सामुदायिक विद्यालयमा मकवानपुरको पहिलो अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणिकरण भएको विद्यालय भुटनदेवी मावि हुने बताए ।
विभिन्न चरणमा भएको छलफल र अन्तरक्रियामा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिग्देल, प्रअ सूर्यप्रसाद घिमिरे, ग्लोबल क्वालिटी काउन्सिल, नेपालका प्रतिनिधि सुदीप शर्मासहितको टोली, शिक्षक तथा अभिभावक संघ, नेपालका अध्यक्ष निकेशकृष्ण श्रेष्ठ, विद्यालय अनुगमन समितिका संयोजक ईन्द्रप्रसाद नेपाल, टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारी, महासचिव शिवहरिलगायत विभिन्न समितिका सदस्यबीचको छलफलपछि अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणिकरणमा जाने सम्झौता गरिएको सह–प्रअ तथा विद्यालय आइएसओ वेदराज कोइरालाले स्पष्ट पारे ।


## माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू) को माइग्रेशन मिति २०८२/११/०६ गते जनकपुरधामदेखि सबैलासम्म जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।
नाम : महेश्वर साह
माइग्रेशन सिरियल नं.: p0344205
रजिष्ट्रेशन नं.: 771750033
ठेगानाः सवैला न. पा. १
सम्पर्क नं. 981-9898177

# रगत अभावले उपचार सेवा प्रभावित

**मधेशदृष्टि**
**वीरगंज ।**
रक्तसञ्चार केन्द्र वीरगंजमा रगतको चरम अभाव भएसँगै गम्भीर घाइते देखी सुत्केरी महिलाको समेत उपचार सेवा प्रभावित भएको छ । प्रतिनिधिसभा निर्वाचनताकादेखि नै रक्तसञ्चार केन्द्र वीरगंजमा रगतको अभाव भएको र अहिले कुनै पनि समूहको रगत केन्द्रमा सञ्चित नरहेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डेले बताए ।
उनले रगतको अभावसँगै अहिले वीरगंजका अस्पतालमा बिरामीहरूको चाप पनि बढेको बताए । दैनिक डेढ सयभन्दा बढी बिरामीका आफन्त विभिन्न अस्पतालबाट रगतको लागि आउने गरेको र अहिले सोधभर्नाबाट मात्र रगतको अभाव टार्दै आएको पाण्डेले बताए ।
केन्द्रमा रगत सञ्चय भएको बेला बिरामीहरूको अवस्था हेरेर सोधभर्नाविना नै रगतको आपूर्ति गर्ने गरिएको तर अहिले अभाव भएपछि सोधभर्नाविना रगत आपूर्ति गर्न नसकिएको उनले बताए ।
निर्वाचन अघिसम्म विभिन्न राजनीतिक दलहरू र तिनका भ्रातृ सङ्गठनहरूले पनि रक्तदान कार्यक्रम आयोजना गर्दै आएकामा निर्वाचनका कारण रक्तदान कार्यक्रम प्रभावित भएको र निर्वाचनसँगै यस वर्ष होली पर्व अनि मुस्लिम समुदायको रमजान पनि परेकोले रक्तदान कार्यक्रम प्रभावित भएको पाण्डेले जानकारी दिए ।
रक्तदान कार्यक्रम नहुँदा अहिले रगतको अभाव भएको बताउँदै नयाँ सरकार गठन नहुन्जेलसम्म प्रभावकारी किसिमबाट रक्तदान कार्यक्रम हुने सम्भावना समेत नदेखिएको हुँदा रगत अभावको समस्या समाधानका लागि रक्तदान कार्यक्रम आयोजना गर्दै आएका विभिन्न सङ्घसंस्थाहरूलाई यो सङ्कटका बेला रगतको अभाव हुन नदिनका लागि रक्तदान कार्यक्रम आयोजना गरेर सघाउन अपील समेत गरे ।
वीरगंजका अस्पतालहरूमा पर्सा,बारा, रौतहट, सर्लाही लगायतका जिल्लाबाट बिरामीहरू उपचारका लागि आउने गर्दछन् ।

# सिरहाका नाकाबाट प्रहरी–सशस्त्र सेटिङमा तस्करी डीआईजीको नाममा मासिक दररेट




**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाका सीमा नाकाहरूमा तस्करीको गम्भीर समस्या सार्वजनिक भएको छ । स्रोतका अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरीका केही अधिकारीहरूको सेटिङमा सीमा नाकाबाट अवैध कारोबार सञ्चालन भइरहेको छ । विशेष गरी जेनजी आन्दोलनपश्चात नागरिक सरकार बिदा हुन लागेको र नयाँ सरकार गठन नहुँदासम्मको राजनीतिक खाडलको फाइदा उठाउँदै तस्करीको 'लाइन' चलाइएको स्रोतले दाबी गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी गोविन्द थपलियाले परिचालन गरेका घुमुवा अधिकारीहरू बरिष्ठ सई गोपाल थापा मगर र सई जयलाल यादव सिरहाका नाकाहरूमा खटाएर तस्करी सञ्चालन गरिरहेको स्रोतले जनाएको छ । डीआईजी थपलियाले प्रदेशमा सरुवा भएलगत्तै अतिरिक्त कमाउधन्दा संचालनका लागि थापामगरलाई सङ्गै लगेका थिए । बरिष्ठ सई थापामगरलाई ८ वटै जिल्लामा घुमुवा परिचालन गरिएको छ भने सई जयलाल यादव धनुषा र सिरहामा असुली तथा सेटिङ व्यवस्थापनको जिम्मेवारीमा छन् ।

सिरहाका जिल्ला प्रहरी कार्यालयका एसपी बासुदेव पाठकको निर्देशनमा असई रामचन्द्र यादवसहित ६ जना घुमुवा खटाइएको छ । विशेष रूपमा थापामगरले ८ जिल्लामा असुली र तस्करीको 'आतंक' फैलाउँदै एसपीहरूलाई अप्ठेरोमा पारेको स्रोतले जनाएको छ । जयलाल यादवले धनुषा र सिरहाका नाकाहरूमा डीआईजीको नाममा तस्करीको लाइन चलाएर मासिक दररेट उठाउने काम गर्दै आएका छन् । उदाहरणका लागि, धनुषाको जटही नाकामा तस्करी गर्ने व्यापारी उमेश साहले मासिक दररेट डीआईजी र एसपीको नाममा जयलाललाई बुझाएका थिए । तर अन्य घुमुवा थापामगरले चैत १ गते सामान समात्दा तनावपूर्ण स्थिति सिर्जना भएको थियो । स्थिति लुकाउन सई टेकबहादुर कार्कीलाई अनावश्यक रूपमा तान्दा एसपी र डीआईजीबीच खटपट समेत भएको छ ।

सिरहाका नाकाहरू तारापट्टि, झाँझपट्टि, हर्कट्टी, कचनारी, गोरगामा, ठाडी, माडर, खिराउना, बरियारपट्टी र कमलापारी बाट तस्करी सञ्चालन भइरहेको पुष्टि भएको छ । बरियारपट्टी नाकाबाट निरमाला, जिबछा, सोपुर, सिता, अमिरती, राकेश, सुरेन्द्र, दान्तावाली लगायतको समूह मासिक दररेट तिरेर तस्करीको लाइन चलाइरहेका छन् । उनीहरूले चीनबाट आयातित स्याउ, मदिरा भारततर्फ तस्करी गर्दै आएका छन् भने भारतबाट किराना, हार्डवेयर र कपडा नेपालतर्फ ल्याउने काम समेत गर्दै आएका छन् । मासिक दररेट १५ हजारदेखि ५० हजार रुपैयाँसम्म उठाइन्छ ।

सशस्त्र प्रहरी बीओपी बरियारपट्टीका इन्स्पेक्टर पशुपति बरालले घुमुवा अर्जुन ठाकुरलाई नाकामा तस्करीको सेटिङ मिलाउन खटाएका छन् । उनी व्यापारीसँग मासिक दररेट उठाएर इन्स्पेक्टरलाई बुझाउने काम गर्दै आएका छन् । ठाकुर स्वयं जिबस साह, निमाल यादव, अमती यादव, रेनु यादव, गीता महतो, सोपुर बुरीया, सीता, दन्तवाली, सुरेन्द्र साह, राकेश यादवसँग मिलेर मासिक दररेट तय गरी तस्करी संचालन गरिरहेका छन् ।

स्रोतका अनुसार, डीआईजी र एसपीको नाममा तस्करी लाइन सञ्चालन हुनुले प्रहरी संस्थामाथि पनि प्रश्नचिन्ह खडा गरेको छ । यसले सीमा सुरक्षा, कानुनी कार्यवाही र व्यापारिक वातावरणमा गम्भीर असर पारिरहेको छ, र तत्काल प्रभावकारी अनुगमन र जिम्मेवारी तय गर्न आवश्यक देखिएको छ ।

# एसईई तयारीमा जुटेका विद्यार्थीलाई शैक्षिक सामाग्री सहयोग



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिकाले माध्यमिक शिक्षा परीक्षा (एसईई)को तयारीमा रहेका विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप विभिन्न शैक्षिक सामग्री वितरण गरेको छ। आइतबार गाउँपालिका–४ स्थित सण्ठीको एक विद्यालयमा आयोजित विदाई कार्यक्रममा गाउँपालिका शिक्षा शाखाको पहलमा पालिकाभित्रका तीन वटा माध्यमिक विद्यालयबाट एसईई दिन लागेका करिब १ सय २० जना विद्यार्थीलाई टी–सर्ट, डायरी र कलम प्रदान गरिएको हो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले पालिकाको लोगो अंकित टी–सर्टसहित अन्य सामग्री विद्यार्थीहरूलाई हस्तान्तरण गर्दै आगामी चैत १९ गतेदेखि सुरु हुने एसईई परीक्षाका लागि शुभकामना व्यक्त गरे। उनले परीक्षापछि उच्च शिक्षाका क्रममा कुनै समस्या आएमा आफू वा प्रमुख प्रशासकीय अधिकृतसँग सिधै सम्पर्क गर्न आग्रह गर्दै आवश्यक सहयोग गर्ने प्रतिबद्धता समेत जनाए।

विदाई समारोहमा अध्यक्ष यादवसँगै उपाध्यक्ष बबीता सिंह क्षेत्री, प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवलगायतले विद्यार्थीहरूलाई खादा ओढाएर सम्मानपूर्वक विदाई गरेका थिए। गाउँपालिकाका शिक्षा शाखा प्रमुख अशोक कुमार सिंहका अनुसार कार्यक्रममा शिक्षा समितिका सदस्य, वडा प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, शिक्षक–शिक्षिका तथा अभिभावकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। गाउँपालिकाको यस पहलले परीक्षामा सहभागी हुन लागेका विद्यार्थीहरूमा उत्साह थपिएको सहभागीहरूले बताएका छन्।

# शिक्षक चौहानलाई नक्कली प्रमाणपत्र मुद्दामा सफाइ




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पकहाँ मैनपुर गाउँपालिका–३ का ५१ वर्षीय शिक्षक चन्देश कुमार चौहान नक्कली प्रमाणपत्र आरोपबाट मुक्त भएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा आइतबार सुनुवाइ गर्दै विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल र विदुर कोइरालाको संयुक्त इजलासले चौहानलाई पूर्ण रूपमा सफाइ दिएको हो।

अख्तियारले जेठ २६ गते दर्ता गरेको मुद्दामा चौहानमाथि उनको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको आरोप लगाइएको थियो । तर सुनुवाइका क्रममा अदालतले प्रस्तुत प्रमाण पर्याप्त नदेखिएको ठहर गर्दै उनलाई आरोपित कसुरबाट मुक्त गर्ने फैसला सुनाएको हो।

चौहान वीरगंज–१ छपकैयास्थित श्री पंडित रामदेनि तिवारी आधारभूत विद्यालयका प्रधानाध्यापक हुन्। अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम उनलाई कैद र जरिवाना माग गर्दै आरोपपत्र दायर गरेको थियो, तर अदालतले कसुर प्रमाणित हुन नसकेको निर्णय गऱ्यो।

अदालतले उक्त फैसलाको जानकारी शिक्षा विकास तथा समन्वय इकाई, वीरगंज महानगरपालिकाको शिक्षा महाशाखा र सम्बन्धित विद्यालयसमेतलाई गराइसकेको जनाएको छ।

# रिमा कुमारी यादवद्वारा चुनावी खर्च विवरण सार्वजनिक



मधेशदृष्टि
वीरगंज ।
वितेको चुनावमा एमालेको तर्फबाट पर्सा निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार रहेकी रिमा कुमारी यादवले आफ्नो निर्वाचन खर्च विवरण आइतवार निर्वान आयोगमा बुझाएकी छन् । उनले फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा कुल ९ लाख १४ हजार ८३४ रुपैयाँ खर्च भएको विवरण पेश गरेकी हुन् ।

यादवले आयोगमा बुझाइएको विवरण अनुसार सवारी साधन भाडामा १ लाख ८० हजार, इन्धन खर्च २ लाख ४० हजार ८६२, गोष्ठी, अन्तरक्रिया तथा घरदैलो कार्यक्रममा खाना–खाजा खर्च ३ लाख ९९ हजार ४००, प्रचारप्रसार सामग्रीमा ७० हजार ९२, मनोनयन दर्ता खर्च ५ हजार र फोटोकपीसहित विविध खर्च १९ हजार ४८० रुपैयाँ उल्लेख छ ।

फागुन २१ गते सम्पन्न निर्वाचनमा उनी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सुशिल कुमार कानुसँग पराजित भएकी थिइन् । निर्वाचन सम्पन्न भएको एक महिनाभित्र उम्मेदवारले आफ्नो खर्च विवरण आयोगमा बुझाउनुपर्ने कानुनी प्रावधान छ ।

# एक महिने डलकुशन तालिम सुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. ९ मा महिलाका लागि एक महिने डलकुशन तालिम सञ्चालन आइतवार देखि सुरु भएको छ । वडा समितिको सहयोग तथा नेपाल महिला विकास संघको आयोजनामा सुरु गरिएको उक्त तालिमको वडा नं. ९ का वडा अध्यक्ष जवाहर प्रसाद गुप्ताले तालिमको उद्घाटन गरेका हुन् । नेपाल महिला विकास संघकी अध्यक्ष मिनु देवी रौनियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममाकार्यक्रममा विशिष्ट अतिथिका रूपमा वडा सदस्यहरू नन्दकिशोर चौहान, लालबाबु गुप्ता, गीता मानन्धर र कुमारी सोनी पासवान तथा समाजसेवी सतीश सिंह राजपूतको विशेष उपस्थिति रहेको थियो ।

तालिममा सहभागी महिलाहरूले तालिमपछि घरमै साना उद्योग सञ्चालन गरी आयआर्जन गर्न सक्नेसम्मको क्षमतावान बनाउने लक्ष्य रहेको आयोजक संस्थाले जनाएको छ ।

# कलवार कल्याण समितिको साधारणसभा

**मधेशदृष्टि**
**वीरगंज ।**
कलवार कल्याण समिति, आदर्शनगर, वीरगंजको २६औँ वार्षिक साधारण सभा तथा सम्मान कार्यक्रम शनिबार सम्पन्न भएको छ । समितिका अध्यक्ष शम्भुप्रसाद कलवारको अध्यक्षता तथा समाजसेवी शिवजी प्रसाद कलवारको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा समितिले पर्सा जिल्लाभित्र बसोबास गर्ने कलवार समुदायका विद्यार्थीहरूमध्ये शैक्षिक वर्ष २०८२ (बैशाखदेखि चैतसम्म) मा उत्कृष्ट अंक प्राप्त गर्ने छात्र–छात्राहरूलाई छात्रवृत्ति, पुरस्कार तथा सम्मान प्रदान गरेको थियो । कक्षा १२, स्नातक, स्नातकोत्तर र पि.एच.डी. तहमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई नगद पुरस्कार साथैसम्मान प्रदान गरिएको थियो । यसैगरी एसइइमा सर्वोत्कृष्ट अंक ल्याउने एक जना विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गरिने व्यवस्था समेत गरिएको जानकारी समितिले दिइएको छ । कलवार कल्याण समिति वीरगञ्जका सचीव श्याम गुप्ताले सहजीकरण गरेको कार्यक्रममा उक्त कार्यक्रममा नवदिप एकेडेमीका विद्यार्थीहरुले स्वगत नृत्य गरेका थिए ।

# पूर्वमन्त्री चौरसियाले निर्वाचन खर्च विवरण सार्वजनिक गरे



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा क्षेत्र नम्बर २ बाट नेपाली कांग्रेसका उम्मेदवार बनेर चुनाव लडेका पूर्वमन्त्री अजयकुमार चौरसियाले यसपालि आफ्नो निर्वाचन खर्चको पूर्ण विवरण निर्वाचन कार्यालयमा बुझाएका छन् । चौरसियाले आफ्ना प्रतिनिधि रन्जितकुमार पटेलमार्फत चैत २ गते पर्सा निर्वाचन कार्यालयमा खर्च विवरण पेश गरेका हुन्।

उनका अनुसार फागुन २१ मा सम्पन्न निर्वाचनमा कुल ११ लाख ४१ हजार ४८७ रुपैयाँ खर्च भएको छ। सबैभन्दा बढी रकम सवारी साधन र इन्धनमा खर्च भएको छ, जसको आंकडा ३ लाख ८५ हजार रुपैयाँ रहेको छ। वडास्तरीय प्रचार–प्रसार र खाना–नास्तामा २ लाख ५२ हजार रुपैयाँ, निर्वाचन कार्यालय सञ्चालन तथा विविध खर्चमा १ लाख ५२ हजार रुपैयाँ, र प्रचार सामग्री (ब्यानर र पम्प्लेट) मा १ लाख १० हजार ७४० रुपैयाँ खर्च भएको छ।

यस्तै, गोष्ठी तथा भेलामा ७८ हजार, डिजिटल मिडियामा ५० हजार ८५०, झण्डा खर्चमा ४५ हजार २००, ब्यानरमा ४१ हजार ६९७, मतदाता नामावलीमा १६ हजार, र मनोनयन दर्तामा १० हजार रुपैयाँ खर्च भएको चौरसियाले जनाएका छन्।

निर्वाचन परिणामअनुसार, रास्वपाका सुशीलकुमार कानुले ३० हजार ७४० मतसहित सांसदमा निर्वाचित भए भने कांग्रेसका चौरसिया ११ हजार ८९० मतसहित दोस्रो स्थानमा रहे। त्यस्तै, एमाले उम्मेदवार रिमा कुमारी यादवले ११ हजार ६०५ मत प्राप्त गरे।

# चन्द्र नहरको सप्तरी क्षेत्रमा पुनः निर्माण सुरु

**मधेशदृष्टि**
**सप्तरी ।**
मर्मतसम्भारको अभावमा जीर्ण बनेको मुलुकको सबैभन्दा पुरानो चन्द्र नहरको सप्तरी जिल्ला क्षेत्रमा पुनःनिर्माण सुरु भएको छ । जापान सरकारले नेपाल सरकारलाई चन्द्र नहरको पुनःनिर्माणका लागि रु दुई अर्ब आर्थिक सहयोग गरेपछि मर्मतसम्भार सुरु भएको हो ।

चन्द्र नहरअन्तर्गत सप्तरीको कञ्चनरुप नगरपालिका–१० स्थित बदगामा र तिरहुत गाउँपालिकाको बुधेवामा मर्मतसम्भार थालिएको चन्द्र नहर सिँचाइ प्रणाली जल उपभोक्ता संस्थाका अध्यक्ष बद्रीनारायण यादवले बताए ।



चन्द्रनहरअन्तर्गत सप्तरीको सप्तकोशी नगरपालिकाको फतेपुरदेखि महादेवा गाउँपालिका पकरीस्थित खाँडो खोलासम्म तत्काल ३२ वटा नयाँ 'साइफन'को पुनःनिर्माण गर्ने गरी काम थालिएको उनले बताए । मर्मतको काम जापानी कम्पनी हाज्माले पाएको छ । आगामी दुई वर्षभित्रमा मर्मतसम्भारका सबै पूरा गर्नुपर्ने सम्झौता भएको छ । जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले ३१ किलोमिटर नहरको सुरु विन्दुदेखि अन्त्यसम्मको ३२ वटा नयाँ पुल र साइफन निर्माण गर्न हाज्मासँग सम्झौता गरेको अध्यक्ष यादवले बताएका छन् ।

# करेन्ट लागेर महिलाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका–८ बसन्तपुरमा करेन्ट लागेर आइतवार एक जना महिलाको मृत्यु भएको छ ।

गुजरा नगरपालिका–१ मनहर्वा घर भएकी ८४ वर्षीया कान्छी देवी चौधरीको करेन्ट लागेर आइतबार दिउँसो मृत्यु भएको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । पानी तान्ने उदेश्यले धारामा जडान गरिएको बिधुतिय मोटरमा करेन्ट लागेर घाइते भएकी चौधरीलाई उपचारको लागि चन्द्रपुर अस्पतालमा लैजादा मृत्यु भएको प्रहरी नायव उपरिक्षक रुपा लाबुंगले जानकारी दिएका छन् । घटनाको सम्बन्धमा थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको हो ।

## सम्पादकीय

# कर छलीमाथि ‘कानुनी छाता’ न्याय प्रणाली कसको पक्षमा ?

नेपालको शासन प्रणालीमा कानुनको सर्वोच्चता र समानताको सिद्धान्त कागजमा जति आकर्षक देखिन्छ, व्यवहारमा त्यति नै कमजोर हुँदै गएको देखिन्छ। पछिल्लो समय वल्ड लिंक कम्युनिकेशन लि. सँग जोडिएको कर छली प्रकरणमा मुद्दा नचलाउने निर्णयले यही यथार्थलाई नाङ्गै बनाएको छ । करिब सात अर्ब रुपैयाँ राजस्व छलीको आशंका, विदेशी मुद्रा अपचलनजस्ता गम्भीर आरोप, र अनुसन्धानका क्रममा भेटिएका कागजी प्रमाणहरू हुँदाहुँदै पनि मुद्दा फिर्ता गरिनु केवल एउटा प्रशासनिक निर्णय होइन यो राज्य संयन्त्रको विश्वसनीयतामाथिको गम्भीर प्रश्न हो।

राजस्व अनुसन्धान विभागले अघि बढाएको अनुसन्धानले स्पष्ट संकेत गरेको थियो कि कम्पनीले भारतबाट ब्यान्डविथ खरिद गरे पनि भुक्तानी भने हङकङस्थित कम्पनीमार्फत गरिएको छ। यस्तो व्यवस्था सामान्य व्यावसायिक प्रक्रिया होइन, यो कर छल्न अपनाइएको योजनाबद्ध ‘घुमाउरो भुक्तानी प्रणाली’ हुनसक्ने बलियो आधार देखिन्छ। जब यस्ता तथ्यका आधारमा मुद्दा दर्ताको प्रक्रिया अगाडि बढ्छ, तब त्यसलाई रोक्नु वा फिर्ता गर्नु कुनै साधारण कानुनी अभ्यास हुन सक्दैन।

यही सन्दर्भमा सबिता भण्डारी नेतृत्वको महान्यायाधिवक्ता कार्यालयको भूमिकामाथि गम्भीर प्रश्न उठेको छ । के महान्यायाधिवक्ताको कार्यालय कानुनको रक्षक हो कि शक्तिशालीहरूको संरक्षणकर्ता ? यदि अनुसन्धानले देखाएका तथ्यहरू पर्याप्त थिएनन् भने त्यसबारे सार्वजनिक रूपमा स्पष्ट किन गरिँदैन ? यदि पर्याप्त थिए भने मुद्दा किन रोकियो ? यस्ता प्रश्नहरूको जवाफ नदिइँदा राज्यको नियतमाथि शंका पैदा हुनु स्वाभाविक हो।

घटनाक्रमले अझ गम्भीर संकेत गर्छ कम्पनीका प्रतिनिधिहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र अन्य उच्च तहमा सक्रिय भेटघाट गरेपछि मुद्दा फिर्ता गर्ने प्रक्रिया तीव्र भएको बताइन्छ। यदि यो सत्य हो भने, यो केवल एउटा मुद्दाको हस्तक्षेप होइन, यो सम्पूर्ण न्याय प्रणालीमाथि ‘प्रभाव र पहुँच’ को प्रभुत्वको उदाहरण हो। कानुनलाई प्रभावित गर्ने यस्तो अभ्यासले दीर्घकालीन रूपमा लोकतन्त्रलाई नै कमजोर बनाउँछ।

कर छली कुनै सानो आर्थिक अपराध होइन । यसले राज्यकोषमा प्रत्यक्ष क्षति पुर्‍याउँछ, विकास निर्माणका कार्यक्रम प्रभावित हुन्छन्, र इमानदार करदाताहरूलाई निरुत्साहित गर्छ । जब ठूला कम्पनीहरूलाई उन्मुक्ति दिइन्छ, तब सन्देश स्पष्ट हुन्छ ‘कानुन पहुँचवालाका लागि लचिलो छ ।’ यस्तो सन्देशले कर प्रणालीमा जनविश्वास घटाउँछ र अनियमिततालाई प्रोत्साहन दिन्छ।

अझ चिन्ताजनक पक्ष भनेको, यस प्रकरणमा ‘टास्क फोर्स’ गठन गरेर निश्चित समयसीमा भित्र मुद्दा फिर्ता गराउने प्रयास भएको चर्चा हो। यदि राज्यको कानुनी निकाय नै कुनै मुद्दा दबाउन सक्रिय हुन्छ भने, सर्वसाधारणले न्यायको अपेक्षा कसरी गर्ने ? यो अवस्था केवल संस्थागत कमजोरी होइन, प्रणालीगत विकृतिको संकेत हो।

यस परिस्थितिमा अब आवश्यक छ पूर्ण पारदर्शिता, स्वतन्त्र छानबिन र सार्वजनिक जवाफदेहिता। वल्ड लिंक कम्युनिकेशन लि. निर्दोष छ भने प्रमाण सार्वजनिक गरियोस्, अन्यथा कानुनअनुसार निष्पक्ष कारबाही अघि बढोस् । महान्यायाधिवक्ताको कार्यालयले पनि आफ्नो निर्णयको स्पष्ट आधार सार्वजनिक गर्नुपर्छ। यो प्रकरणले एउटा गम्भीर प्रश्न उठाएको छ नेपालमा कानुन साँच्चै सबैका लागि बराबर छ कि शक्तिशालीका लागि मात्र ‘समायोज्य’ ? यदि यस्ता घटनामा स्पष्टता र न्याय सुनिश्चित गरिएन भने, राज्यप्रतिको जनविश्वास क्रमशः क्षीण हुँदै जानेछ। र जब जनविश्वास गुम्छ, तब कुनै पनि लोकतान्त्रिक प्रणाली दीर्घकालसम्म टिक्न सक्दैन।

# घर घरमै चिकित्सा सेवा पुऱ्याउँदै डा. चेवन



चन्द्रकला भण्डारी

झापा।

उपचारका लागि बारम्बार धाइरहनुपर्ने अवस्थाका बिरामीलाई अस्पतालको सेवा घरमै पुर्याउने सोचबाट स्थापना भएको ‘जीवन रक्षा होम केयर’ झापामा लोकप्रिय बनेको छ । पूर्णटुङ्ग बिर्तासिटी हस्पिटलको सघन उपचारकक्षमा कार्यरत २७ वर्षीय डा चेवनराज कार्कीले डेढ वर्षअघि बिर्तामोडमा आफ्ना केही साथीसँग मिलेर सरकारी निकायमा संस्था दर्ता गरी होम केयर सेवा सुरु गरेका थिए । हाल झापाभर उपलब्ध यो सेवा कोशी प्रदेशका विभिन्न जिल्लामा विस्तारका क्रममा रहेको जनाइएको छ । अस्पताल जान नसक्ने र अस्पतालबाट डिस्चार्ज भएका बिरामीका लागि ‘जीवन रक्षा होम केयर’ले ‘पेन म्यानेजमेन्ट’देखि शल्यक्रियापछिको ड्रेसिङ, फिजियोथेरापी र स्लाइन चढाउनेसम्मका उपचार सेवा घरमै उपलब्ध गराउँदै आएको संस्थाका संस्थापक एवं कार्यकारी प्रमुख डा चेवनराज कार्कीले बताए।

घरै बसेर स्वास्थ्यलाभ गरिरहेका क्यान्सरका बिरामीका लागि होम केयरले प्रदान गर्ने उपचार सेवा वरदान सावित हुने गरेको छ । जुनसुकै समयमा खबर आउनासाथ होम केयरको चिकित्सा टोली आवश्यक उपकरण र औषधिसहित बिरामीको घरमै पुग्ने गरेको उनले बताए । होम केयरको चिकित्सा टोलीमा अनुभवी चिकित्सकसहित १५ जनाभन्दा बढी नर्स, हेल्थ असिस्टेन्ट र कर्मचारी प्रत्यक्ष रूपमा जोडिएका छन् । जिल्लाको विभिन्न सहरका स्थानीय अनुभवी नर्स र हेल्थ असिस्टेन्टहरू होम केयरको नेटवर्कमा जोडिएको हुँदा जुनसुकै बेला र अवस्थामा जहाँ पनि उपचार पुर्‍याउन सहज भएको उनले जानकारी दिए।

टोलीले एम्बुलेन्स, अल्ट्रासाउन्ड, इसिजी, ड्रेसिङलगायतका सेवा घरमै उपकरण पुर्‍याएर दिने गरेको छ भने रगत, पिसाब, दिसालगायत जाँच ‘सेम्पल’ लिएर प्रयोगशालामा जाँच गरी घरमै रिपोर्ट उपलब्ध गराउँदै आएको छ । ‘यो एकप्रकारको घरमै अस्पताल पुर्‍याउने प्रयास हो’, डा कार्की भन्छन्, ‘शल्यक्रियापछि लामो समय अस्पताल बसेर घर फर्किएका बिरामीलाई सानो विषयमा पनि पटकपटक अस्पताल धाइरहनुपर्ने झन्झट नहोस् भनेर हामीले घरमै अस्पतालको सेवा पुर्‍याएका हौँ ।’ रोजगरीका क्रममा छोराछोरी टाढा रहेको परिवारका वृद्धावस्थाका बुबाआमा बिरामी पर्दा एम्बुलेन्स खोजेर अस्पताल पुर्याउने र कुरुवा बस्ने आफन्त तत्काल पाउन पनि कठिनाइ पर्न सक्छ । यस्तो अवस्थामा होम केयरको सेवा झनै प्रभावकारी हुने गोमेन्द्र महाविद्यालयका अध्यापक आशीष शर्मा बताउँछन्।

‘विदेशतिर होम केयर सेवा प्रचलित नै हुन्छ, तर हाम्रो ठाउँमा नयाँ हो’, उनी भन्छन्, ‘हाम्रो परिवारले पनि जीवन रक्षा होम केयरको सेवा लिएको छ । डा कार्कीको टिमको सेवाभाव प्रशंसनीय लाग्यो ।’ होम केयरको चिकित्सा टोलीले भेन्टिलेटरसहितको एम्बुलेन्समा जटिल बिरामीलाई काठमाडौँ, विराटनगर, धरान र सिलीगुढीका सुविधासम्पन्न अस्पतालमा सुरक्षित पुर्‍याउने सेवासमेत प्रदान गर्दै आएको छ भने जिल्लाकै कुनै पनि अस्पतालमा भर्ना भएका बिरामीको हेरचाह गरिदिने कुरुवा सेवा दिँदै आएको छ। होम केयर सेवालाई व्यापार गर्ने थलो नबनाउने र सामाजिक सेवाको माध्यम बनाउने संस्थापक डा कार्कीको भनाइ छ। घरमै सेवा पुर्‍याएबापत होम केयरले लिने सेवा शुल्क महँगो छैन। सामान्य ड्रेसिङका लागि रु ३०० देखि ३५० र डाक्टर भिजिटको न्यूनतम शुल्क लिएर होम केयरले अहोरात्र जुनसुकै देहाती बस्तीमा स्वास्थ्य सेवालाई सर्वसुलभ पुर्‍याइरहेको छ । वृद्धाश्रमहरूमा ‘बेसलाइन रेट’मा स्वास्थ्य सेवा पुर्याउने लक्ष्य राखेर बिर्तामोडका विभिन्न वृद्धाश्रमहरूमा होम केयरले प्रस्ताव पठाएको जनाएको छ।

बिर्तामोडबाट सुरु भएको ‘जीवन रक्षा होम केयर’को सेवालाई विराटनगरमा पुर्याइसकेको र धरानमा चाँडै पुर्‍याउने लक्ष्य रहेको डा. कार्कीले सुनाए । होम केयर सेवा दिने कोशी प्रदेशकै पहिलो संस्था ‘जीवन रक्षा होम केयर’ले विभिन्न स्थानमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेर सेवा पुर्‍याइरहेको छ । स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने विभिन्न कार्यक्रमसमेत यसले गर्दै आएको छ। पूर्वाञ्चल युनिभर्सिटीमा एमबीए अध्ययनरत डा. कार्की व्यवस्थापकीय रूपमा पनि स्वास्थ्य क्षेत्रलाई नयाँ प्रविधिमार्फत सुधार्ने प्रयास गरिरहेको बताउँछन्। मोबाइल एपमार्फत ‘टेलिमेडिसिन’ सेवा दिने र कारागार तथा सुधारगृहमा पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको उद्देश्य रहेको उनले बताए।

‘जीवन रक्षा होम केयर’को स्थापना गरेर स्वास्थ्य क्षेत्रमा उत्कृष्ट र नयाँ सेवा प्रदान गरेको कारण डा. कार्कीले हालै वर्ष उत्कृष्ट व्यक्तिका रूपमा ‘पौरखी जेनजी सम्मान’ प्राप्त गरेका छन्। उनी भन्छन्, ‘अहिलेसम्मका काममा सबैको हौसला प्राप्त भइरहेको छ। भविष्यमा हामी अझ धेरै राम्रा योजनाका साथ समाजको सेवा आउनेछौँ।’ रासस

## विश्व पानी दिवसः

# ‘जहाँ पानी बग्छ, त्यहाँ समानता बढ्छ’



डा. गङ्गादत्त नेपाली

**काठमाडौँ।**

विश्व पानी दिवस संयुक्त राष्ट्रसङ्घले १९९० को दशकबाट मनाउन सुरु गरिएको हो। यस वर्ष सन् २०२६ को नारा ‘जहाँ पानी बग्छः त्यहाँ समानता बढ्छ’ भन्नेछ । संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा रहेको यो विषयवस्तुले ‘जहाँ मानिसहरूलाई सुरक्षित पिउने पानी र सरसफाइको मानवअधिकारको अभाव हुन्छ, त्यहाँ असमानता फस्टाउँछ’, जसको कारण महिला र बालिकाहरूले दुःख भोग्छन् भन्ने तथ्यलाई प्रष्टयाएको छ। विश्वको करिब ७३%–७५% (सन् २०२२) जनसंख्यामा (झण्डै ६ अर्ब मानिस)ले ‘सुरक्षित रूपमा व्यवस्थित’ खानेपानी प्रयोग गरिरहेका थिए, जसको अर्थ घरमै उपलब्ध, आवश्यक परेको बेला पाइने र प्रदूषणमुक्त पानी हो। यस प्रगतिका बाबजुद पनि अझै चार जनामध्ये एक जना (करिब २.२ अर्ब मानिस) सुरक्षित खानेपानीको पहुँचबाट वञ्चित छन्, विशेषगरी ग्रामीण तथा कमजोर अवस्थाका क्षेत्रहरूमा ठूलो असमानता देखिन्छ।

दिगो विकास लक्ष्य– सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व अहिले सही मार्गमा छैन। उक्त लक्ष्य पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले वृद्धि गर्न आवश्यक छ। सन् २०१५ देखि २०२४ बीच सुरक्षित रूपमा व्यवस्थित खानेपानीको पहुँच ६८% बाट बढेर ७४% पुगेको छ। सन् २०३० को दिगो विकास लक्ष्य हासिल गर्न जलवायु सहनशील खानेपानी तथा जल पूर्वाधार अत्यावश्यक छ । वार्षिक रूपमा सयौँ अर्ब डलरबराबरको आर्थिक क्षति रोक्न पानी क्षेत्रमा अनुकूलनका लागि विश्वव्यापी लगानी उल्लेखनीय रूपमा बढाउन आवश्यक छ। जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत पर्छ– खडेरी, बाढी, हिमनदी पग्लिनु र पानी दूषित हुनुजस्ता माध्यमबाट। जीवन र अर्थतन्त्र जोगाउन जल व्यवस्थापन प्रणाली सुदृढ बनाउने, जलाधार क्षेत्र संरक्षण गर्ने र जलवायु सहनशील पूर्वाधारमा लगानी गर्ने अत्यन्त आवश्यक छ।

जलवायु परिवर्तनले जलचक्रलाई तीव्र बनाउँदै खडेरी र बाढी दुवैको जोखिम बढाइरहेको छ । तापक्रम एक डिग्रीले बढ्दा वायुमण्डलले करिब सात प्रतिशत बढी आद्र्रता लिन्छ। परिणामस्वरुप धेरै क्षेत्रमा अत्यधिक वर्षाका घटनाहरूको आवृत्ति र तीव्रता बढेको छ। हाल विश्वको करिब चार अर्ब मानिसले वर्षमा कम्तीमा एक महिना गम्भीर पानी अभावको सामना गर्छन्। सन् २०५० सम्म करिब ५.७ अर्ब मानिस पानी अभाव भएका क्षेत्रमा बस्न बाध्य हुन सक्छन्। जलवायु परिवर्तनका कारण धेरै सुक्खा क्षेत्रहरूमा नवीकरणीय ऊर्जामा १०–३०% सम्म घट्ने अनुमान गरिएको छ। सन् २००० पछि बाढीसँग सम्बन्धित विपद् घटनाहरू अघिल्लो दुई दशकको तुलनामा धेरै बढेका छन्। झण्डै १.८ अर्ब मानिस उल्लेखनीय बाढी जोखिम भएका क्षेत्रमा बसोबास गर्छन्। समुद्री सतह बढ्दै जाँदा साना द्वीप र तटीय क्षेत्रका सुरक्षित पानीका स्रोतहरू जोखिममा परिरहेका छन्। तापक्रम वृद्धिका कारण विश्वभरका हिमनदीहरू तीव्र रूपमा पग्लिरहेका छन्।

हिन्दूकुशजस्ता पर्वतीय क्षेत्रहरूः जसले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराइरहेको छ, हिउँ र बरफको मात्रा घटिरहेको छ। यदि विश्वव्यापी तापक्रम दुई डिग्री सेन्टिग्रेडसम्म पुग्यो भने हिमालय क्षेत्रका करिब एकतिहाइ हिमनदीहरू हराउन सक्छन्। पानीसँग सम्बन्धित विपद् घटनाहरूले विश्वका ७०% भन्दा बढी प्राकृतिक विपद् ओगटेका छन् । खडेरीले कृषि क्षेत्रलाई प्रभावित गर्दै खाद्य सुरक्षामा खतरा बढाउँछ र कुपोषण वृद्धि गर्छ । नेपालमा ९०% भन्दा बढी जनसंख्यामा आधारभूत खानेपानीमा पहुँच भए पनि करिब १९% मानिसले मात्र प्रदूषणमुक्त र सुरक्षित रूपमा व्यवस्थित खानेपानी प्रयोग गरिरहेका छन्। उच्च ई–कोलाई प्रदूषणले पानीका स्रोतहरू प्रभावित भएका छन्, विशेषगरी गरिब समुदायमा, जहाँका प्रायः घरधुरीको पानी असुरक्षित हुनसक्छ।

### खानेपानी र लै–ङ्गिक समानता

विश्वमा करिब २.२ अर्ब मानिस अझै पनि सुरक्षित रूपमा व्यवस्थित खानेपानीबाट वञ्चित छन् । विश्वभर झण्डै चार जनामध्ये एक जनाको घरमै सुरक्षित पानीको पहुँच छैन। ग्रामीण, कमजोर र न्यून आय भएका समुदायहरूमा असमानता सबैभन्दा बढी देखिन्छ। जब प्रत्येक घरमा पानी बग्छ, अवसर पनि सँगै बग्छ । नेपालमा करिब १० प्रतिशत जनसंख्या खानेपानीबाट वन्चित छन् भने करिब २० प्रतिशत जनसङ्ख्याको मात्र सुरक्षित खानेपानीमा पहुँच छ । विश्वभर महिला र बालिकाहरूले दैनिक करिब २० करोड घण्टा पानी सङ्कलनमा खर्च गर्छन्। घरमै पानीको सुविधा नभएका १० मध्ये आठ घरधुरीमा पानी ल्याउने मुख्य जिम्मेवारी महिला र बालिकाहरूको भएको परिप्रेक्ष्यमाः विद्यालयमा पानी र सरसफाइको अभावले बालिकाहरूको शिक्षामा असर पार्छ । जब पानी नजिकै हुन्छ, बालिकाहरू विद्यालयमा रहन्छन् । जब बालिकाहरू विद्यालयमा रहन्छन्, समानता बढ्छ।

नेपालमा पानी (खानेपानी र सरसफाइ) र लैङ्गिक समानता आपसमा गहिरो रूपमा जोडिएका विषय हुन् । विशेषगरी ग्रामीण क्षेत्रमा पानीको पहुँच, व्यवस्थापन र निर्णय प्रक्रियामा महिलाको भूमिका महत्वपूर्ण भए पनि चुनौतीहरू अझै छन् । पानी सङ्कलनमा महिलाको भूमिका धेरै ग्रामीण परिवारमा पानी ल्याउने जिम्मेवारी मुख्यतः महिला र किशोरीहरूमा हुन्छ, टाढाबाट पानी बोक्नुपर्ने अवस्थाले समय, स्वास्थ्य र सुरक्षामा असर गर्छ, यसले विद्यालय जाने किशोरीहरूको पढाइमा पनि बाधा पुर्याउँछ। सुरक्षित खानेपानी र सरसफाइको अभावले महिलामा बढी स्वास्थ्य जोखिम (जस्तैः पानीजन्य रोग) बढाउँछ।

महिनावारी सरसफाइका लागि विद्यालय र सार्वजनिक स्थानमा पर्याप्त पानी र शौचालयको अभावले किशोरीहरूको विद्यालय उपस्थितिमा असर गर्छ । स्थानीय खानेपानी उपभोक्ता समितिहरूमा महिलाको सहभागिता बढ्दै गएको छ । नेपालको संविधान र स्थानीय तहका नीतिहरूले महिला प्रतिनिधित्वलाई प्रोत्साहन गर्छन्। तर व्यवहारमा नेतृत्व तहमा अझै पुरुषको वर्चस्व देखिन्छ। नीतिगत प्रयासहरूः नेपालले पानी र सरसफाइ क्षेत्रमा लैङ्गिक समानता प्रवद्र्धन गर्न विभिन्न नीति र कार्यक्रम सञ्चालन गरेको छः ग्रामीण क्षेत्रमा सुरक्षित पानी र महिलाको सशक्तीकरणमा काम गरिरहेको छ । खानेपानी मन्त्रालयले खानेपानी तथा सरसफाइ नीति र कार्यनीति कार्यान्वयन साथै युएन युमनलगायतले लैङ्गिक समानता र महिला अधिकारका क्षेत्रमा सहयोग गरिरहेका छन्।

### खानेपानी र स्वास्थ्य समानता

असुरक्षित पानी, सरसफाइ र स्वच्छता अभावका कारण हरेक वर्ष सयौँ हजारको मृत्यु हुन्छ । पानीजन्य रोगहरूले विशेषगरी पाँच वर्षमुनिका बालबालिका र गरिब समुदायहरूलाई असमान रूपमा प्रभावित गर्छन् । अर्कोतर्फ, जलवायु परिवर्तनका कारण खडेरी र बाढी बढ्दै जाँदा पानी दूषित हुने समस्या झन् गम्भीर बन्दै गएको छ । नेपालमा करिब ९०% भन्दा बढी जनसंख्या आधारभूत खानेपानी सेवामा पहुँच राख्छन्, तर सुरक्षित पानी सबै ठाउँमा उपलब्ध छैन।

करिब ७५–८०% घरधुरीमा आधारभूत सरसफाइ सुविधा पुगेको छ, तर ग्रामीण–सहरी असमानता अझै छ । पानीजन्य रोग (जस्तै झाडापखाला) बालबालिकामा प्रमुख स्वास्थ्य समस्यामध्ये एक हो। ग्रामीण क्षेत्रमा महिलाले दैनिक १–३ घण्टा पानी सङ्कलनमा खर्च गर्न सक्छन्। विद्यालयमा सुरक्षित पानी र शौचालयको अभावले विशेषगरी किशोरीहरूको उपस्थितिमा असर पार्छ । जस्तै, असमानताः दुर्गम क्षेत्रमा सुरक्षित खानेपानीको कमी, गरिब र विपन्न समुदाय पाइप प्रणालीभन्दा टाढा बसोबास, लैङ्गिक पक्षः पानी सङ्कलन र सरसफाइको जिम्मेवारी बढी महिलामा, तसर्थ सुरक्षित खानेपानी केवल पूर्वाधार होइन, यो जीवनरक्षक सुरक्षा हो।

### खानेपानी र आर्थिक अवसर

विश्वव्यापी रूपमा कुल सुरक्षित पानीको करिब ७०% कृषि क्षेत्रमा प्रयोग हुन्छ। पानी अभावले केही क्षेत्रमा आर्थिक वृद्धिदरलाई कुल गार्हस्थ उत्पादनको छ प्रतिशतसम्म घटाउन सक्छ। पानी र सरसफाइमा लगानी गरिएको प्रत्येक एक डलरले बहुगुणा आर्थिक प्रतिफल दिनसक्छ। नेपालको करिब ६५% जनसङ्ख्या कृषि क्षेत्रमा निर्भर छ, सिँचाइ पहुँचले उत्पादन र आम्दानी सिधै बढाउँछ। कुल खेतीयोग्य जमिनमध्ये करिब ५०% जति जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ। सुरक्षित खानेपानी पहुँच करिब ९०% भन्दा बढी भए पनि सुरक्षित गरी व्यवस्थित सेवा सबैमा उपलब्ध छैन। पानीको अभावका कारण ग्रामीण महिलाले दैनिक १–३ घण्टा समय पानी सङकलनमा खर्च गर्न सक्छन्।

यो समय आयआर्जनमा प्रयोग हुनसक्थ्यो। सिँचाइ पहुँच भएका किसानको उत्पादन बर्सेनि वर्षामा मात्र निर्भर किसानभन्दा बढी हुन्छ । जलविद्युत्, खानेपानी आयोजना र सिँचाइ परियोजनाले स्थानीय रोजगारी बढाउँछ। नजिकै सुरक्षित पानी उपलब्ध हुँदा महिलाको समय बचतबाट साना व्यवसाय, कृषि वा सीपमूलक काममा संलग्न हुन सक्छन्। पानीजन्य रोग कम हुँदा उपचार खर्च घट्छ र काम गर्ने दिन बढ्छ । तसर्थ, पानीले कृषि, व्यवसाय, ऊर्जा उत्पादन र जीविकोपार्जनलाई सशक्त बनाउँछ।

### पानी, जलवायु र जोखिम

जलवायु परिवर्तनको प्रभाव मानिसहरूमा मुख्य रूपमा पानीमार्फत देखिन्छः बाढी, खडेरी र हिमनदी पग्लिने प्रक्रियामार्फत हिन्दूकुश हिमालयजस्ता पर्वतीय प्रणालीहरूले १.६ अर्बभन्दा बढी मानिसलाई पानी उपलब्ध गराउँछन्, तर त्यहाँका हिमनदीहरू तीव्र रूपमा घटिरहेका छन्। सबैभन्दा गरिब समुदायहरू पानीसम्बन्धी विपद् घटनाबाट सबैभन्दा पहिले र सबैभन्दा बढी प्रभावित हुन्छन्।

नेपाल विश्वकै उच्च जलवायु जोखिम भएका देशमध्ये पर्छ, औसत तापक्रम बृद्धिः करिब ०.०५–०.०६ डिग्री सेन्टिग्रेड प्रति वर्ष (पहाडी क्षेत्रमा दर अझ बढी), करिब ८०% वार्षिक वर्षा मनसुन (जुन–सेप्टेम्बर) मा केन्द्रित– बाढी र पहिरो जोखिम उच्च, देशभर छ हजारभन्दा बढी नदी प्रणाली छन्, तर अत्यधिक वर्षाले तराईमा वार्षिक बाढी जोखिम दुई हजारभन्दा बढी हिमतालमध्ये करिब २० बढी हिमताल उच्च जोखिम (हिमताल विष्फोटको जोखिम)मा मानिन्छन्, प्रत्येक वर्ष मनसुनका कारण बाढी÷पहिरोबाट सयौँको प्रभावित र ठूलो आर्थिक क्षति भइरहेको छ।

मुख्य जोखिमहरूः बाढी– तराई र नदी तटीय क्षेत्र बढी प्रभावित, पहिरो (ीबलमकष्मिभ)– पहाडी तथा हिमाली क्षेत्रमा भारी वर्षापछि हिमताल फुट्ने जोखिम– हिमनदी पग्लिँदै जाँदा जोखिम बढ्दो, खडेरी– वर्षा अनियमित हुँदा कृषि उत्पादन घट्ने। प्रभावः कृषि उत्पादनमा अस्थिरता– खाद्य सुरक्षा जोखिम, खानेपानी स्रोत सुक्ने वा प्रदूषित हुने, पूर्वाधार (सडक, पुल, जलविद्युत)मा क्षति, गरिब र ग्रामीण समुदाय सबैभन्दा बढी प्रभावित, जलवायु न्याय भनेको पानी न्याय पनि हो।

तसर्थ, सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्ने दिशामा विश्व सही मार्गमा छैन । दिगो विकास लक्ष्यहरू पूरा गर्न खानेपानी क्षेत्रमा लगानी छ गुणाले बढाउन आवश्यक छ । यस परिप्रेक्ष्यमा समुदाय–आधारित खानेपानी व्यवस्थापनले असमानता घटाउन उल्लेखनीय परिणाम देखाएको छ । आजको विशेष दिनमा सबैमा ‘विश्व पानी दिवस, २०२६’को हार्दिक शुभकामना!

(लेखक खानेपानी सरसफाइ र जलवायु परिवर्तन विज्ञ तथा पूर्वउपाध्यक्ष, नीति तथा योजना आयोग, बागमती प्रदेश) रासस

# राष्ट्रपतिद्वारा पानीको समान पहुँच सुनिश्चित गर्न आह्वान



**काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेलले पानीको संरक्षण, दिगो उपयोग तथा समान पहुँच सुनिश्चित गर्न सबै सरकारी निकाय, विकास साझेदार, विभिन्न संघसंस्था तथा आमनागरिकलाई आपसी सहकार्य, समन्वय र प्रतिबद्धताका साथ अघि बढ्न आह्वान गरेका छन् । विश्व पानी दिवस, २०२६ (२२ मार्च) का अवसरमा आइतबार शुभकामना व्यक्त गर्दै राष्ट्रपति पौडेलले खानेपानी व्यवस्थापनका हरेक तहमा लैंगिक समानता, समानुपातिक सहभागिता र न्यायोचित पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकतासमेत औंल्याएका छन् ।

राष्ट्रपति पौडेलले भनेका छन्, पानी जीवन, स्वास्थ्य, समृद्धि र सामाजिक न्यायको आधार हो, मानव सभ्यताको विकासदेखि आजसम्म पानीले जीवनयापनका हरेक पक्षलाई दिशानिर्देश गरेको छ । प्राचीन मानव सभ्यताहरू नदी किनारमा विकास भए, वर्तमान अवस्थामा आइपुग्दा जीवनको अस्तित्व जोगाउन प्रकृति र पानीको संरक्षण गर्ने कार्य चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

भूमिगत जलस्रोत महत्त्वपूर्ण प्राकृतिक सम्पदा भएको र जसले पारिस्थितिकीय प्रणालीलाई दिगो बनाउने र नदीहरूको बहावलाई व्यवस्थित गर्न, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न र सुरक्षित पिउने पानी परिपूर्ति गर्न मद्दत पु¥याउने राष्ट्रपति पौडेलले उल्लेख गरेका छन् । बढ्दो सहरीकरण र भौतिक पूर्वाधार निर्माणका क्रममा भएका प्राकृतिक विनास, जलवायु परिवर्तन एवं प्रदूषणका कारण पानीका स्रोतहरू सुक्दै गइरहेको उनको भनाइ छ ।

सन्देशमा भनिएको छ, भूमिगत जलस्रोतको अतिदोहन र सहरी क्षेत्रमा निर्माण गरिएका पक्की भौतिक संरचनाका कारण पुनर्भरणमा अवरोध उत्पन्न हुँदा जमिनमुनिको पानीको सतह निरन्तर घटिरहेको छ, साथै अव्यवस्थित मानव बस्ती र बढ्दो औद्योगीकरणका कारण भूमिगत जलस्रोत प्रदूषित हुँदै गएको छ ।

भविष्यमा आउनसक्ने जलसंकटको चुनौतीलाई मध्यनजर गर्दै भूमिगत जलस्रोतको पुनर्भरणका लागि जलाधार क्षेत्रको संरक्षण गर्ने तथा ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाहरूको निर्माण गर्नेजस्ता परम्परागत विधिको संवद्र्धन गर्नुपर्ने राष्ट्रपति पौडेलको भनाइ छ ।

समस्त जीवन र जगत्को अस्तित्व रक्षा गर्ने प्रकृतिप्रदत्त वरदानका रूपमा रहेको पानीको महत्त्व, संरक्षण र दिगो प्रयोगका बारेमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९९३ देखि हरेक वर्ष मार्च २२ तारिखलाई विश्व समुदायले पानी दिवसका रूपमा मनाउँदै आएको छ । नेपालमा यस वर्ष 'लैंगिक समानताका लागि पानीको महत्त्वपूर्ण भूमिका' सन्देशका साथ विभिन्न जनचेतनामूलक कार्यक्रमसहित विश्व पानी दिवस मनाइँदै छ । रासस

# आठ महिनामा करिब ११ खर्ब व्यापार घाटा




**काठमाडौं ।**
चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले करिब ११ खर्बको व्यापार घाटा बेहारेको छ । भन्सार विभागले आईतबार सार्वजनिक गरेको गत फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकअनुसार उक्त अवधिमा कुल १४ खर्ब ४० अर्ब ३६ करोड २२ लाखको कुल वैदेशिक व्यापारमा मुलुकले १० खर्ब ९८ अर्ब १३ करोड ८२ लाख घाटा बेहोरेको हो ।

पछिल्लो आठ महिनामा १२ खर्ब ८९ अर्ब २५ करोडको आयात र रू एक खर्ब ९१ अर्ब ११ करोड २० लाख बराबरको निर्यात भएको विभागले जनाएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १२ दशमलव ५४ र निर्यात २९ दशमलव ८३ प्रतिशतले बढेको छ । गत फागुन मसान्तसम्ममा भारतसँगको व्यापार घाटा मात्र पाँच खर्ब ६७ अर्ब ३९ करोड छ । यस अवधिसम्ममा भारतबाट सात खर्ब २४ अर्ब छ करोडको वस्तु आयात भएको छ भने एक खर्ब ५६ अर्ब ६६ करोड बराबरको निर्यात भएको छ ।

त्यस्तै, छिमेकी मुलुक चीनसँग दुई खर्ब ७५ अर्ब ६६ करोड ७० लाखको आयात र ९८ करोड ३३ लाखको निर्यात हुँदा दुई खर्ब ६४ अर्ब ६८ करोड ३६ लाखको व्यापार घाटा व्यहोर्नुपरेको विभागले जनाएको छ । नेपालले बढी व्यापार घाटा बेहोरेका मुलुकमा अर्जेन्टिना तेस्रो, संयुक्त अरब इमिरेट्स चौथो र इन्डोनेसिया पाँचौं स्थानमा छन् । नेपालको वैदेशिक व्यापारमा नाफा भएका मुलुकमा भने रोमानिया, नर्वे, आइसल्याण्ड, नाइजर, इराक, केन्यालगायत छन् । पछिल्लो आठ महिनामा रोमानियासँग ५० करोड ६५ लाख, नर्वेसँग तीन करोड ३३ लाख र आइसल्याण्डसँग दुई करोड ५७ लाख बराबर व्यापार नाफा देखिएको छ ।

यस अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । विभागका अनुसार पछिल्लो आठ महिनामा ८२ अर्ब १० करोड ५१ लाखको डिजेल, ४३ अर्ब ८९ करोड ७३ लाखको पेट्रोल र ३७ अर्ब ३१ करोड ३७ लाख बराबरको एलपी ग्यास आयात भएको छ । त्यस्तै, ८१ अर्ब १८ करोड ६४ लाख बराबरको कच्चा भटमास तेल आयात भएको छ भने २९ अर्ब ९३ करोड ५९ लाख बराबरको स्मार्टफोन, ३६ अर्ब ८२ करोड ३० लाखको फलामजन्य वस्तु, २३ अर्ब ४९ करोड ६७ लाखको सुन, १८ अर्ब ४४ करोड ७८ लाखको चाँदी आयात भएको छ ।

नेपालले बढी निर्यात गरेका वस्तुमा भटमास तेल पहिलो स्थानमा छ । पछिल्लो आठ महिनामा ७५ अर्ब ७७ करोड ४१ लाख बराबरको भटमास तेल निर्यात भएको छ । त्यस्तै, नौ अर्ब ४९ करोड, ६१ लाखको अलैंची,छ अर्ब ५३ करोड ९६ लाखको कार्पेट, छ अर्ब २० करोड २३ लाखको सूर्यमुखी तेल, चार अर्ब ३२ करोडको पाम तेल निर्यात भएको छ । रासस

# विश्वव्यापी आवधिक समीक्षामा प्राप्त सुझाव कार्यान्वयन गर्न माग

**काठमाडौं ।**
संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा (युपिआर) चौथो चक्रमा नेपालले बुझाएको प्रतिवेदनमाथि विभिन्न देशले दिएका सुझाव कार्यान्वयन गर्न विज्ञले माग गरेका छन् । सन् २०२५ मा नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्को चौथो चक्रअन्तर्गत रहेर प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनमा रहेर विभिन्न देशले सुझाव दिएका हुन् ।

नेपाललाई विशेष गरी तीनवटा विषयमा रहेर सुझाव प्राप्त भएको जनाउँदै अधिवक्ता बिनु लामाले प्राप्त सुझाव नेपालले कार्यान्वयन (एसेप्ट) गर्ने वा 'नोट'मा राख्ने दुई विकल्प रहेको बताए ।

यस विषयमा सञ्चारकर्मीसँग महिला, कानुन र विकास मञ्चले आयोजना गरेको कार्यशालामा कानुनी पहिचान, लैङ्गिक आधारित हिंसा र यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारसम्बन्धी विषयमा केन्द्रित भएर अन्तरक्रिया गरिएको थियो ।

कार्यक्रमको मुख्य उद्देश्य युपिआर प्रक्रियाबारे जानकारी दिनु, यसको राष्ट्रिय महत्व बुझाउनु तथा चौथो चक्रमा नेपालले प्राप्त गरेका प्रमुख सुझावबारे छलफल गर्नुरहेको उनले उल्लेख गरे ।

कार्यक्रममा आवधिक समीक्षाको चौथो चक्रमा नेपाललाई गर्भपतनमा निरपराधीकरण, प्रजनन स्वास्थ्य अधिकार, सम्मानजनक प्रसूति सेवा, बृहत् यौनिक शिक्षा र समग्र यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सेवामा रहेर महत्वपूर्ण सुझाव प्राप्त भएको मञ्चकी अधिवक्ता रोजिना श्रेष्ठले बताए । नेपाललाई प्राप्त सुझावबारे जानकारी दिँदै अधिवक्ता श्रेष्ठले सबै परिस्थितिमा गर्भपतनलाई अपराधमुक्त र वैधानिक बनाउन आइसल्याण्ड र फ्रान्सले सुझाव दिएको सुनाए । सुरक्षित गर्भपतनको सेवामा पहुँच सुनिश्चित गर्न आइसल्याण्डले सुझाव दिएको थियो ।

महिला, किशोरकिशोरीसहित लैङ्गिक अल्पसख्यक तथा सुरक्षित गर्भपतनमा पहुँच सुनिश्चित गर्न नर्वेले सुझाव दिएको जानकारी कार्यक्रममा गराइएको छ । यसैगरी, विद्यालय हाताभित्र र बाहिर बृहत् यौनिकता शिक्षामा विश्वव्यापी पहुँच सुनिश्चित गर्न, किशोरावस्थामा हुने गर्भावस्था र बालविवाह रोक्न बहुक्षेत्रीय समन्वयलाई बलियो बनाउन, भेद्भावपूर्ण लिङ्ग पहिचान र लिङ्गका आधारमा हुने गर्भपतनविरुद्धको राष्ट्रिय रणनीति २०२१ प्रभावकारी कार्यान्वयन गर्न विभिन्न देशले आफ्नो सुझाव पेस गरेका वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले बताइन् । छाउपडी प्रथा र विवाहमा हुने दाइजो प्रथालाई निषेध गर्न, कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चितका लागि जागरूकता बढाउन, दण्डित गर्न र अपराधीलाई अभियोजन गर्न विभिन्न देशले सिफारिस गरेका छन् ।

अठार वर्षमुनिका किशोरकिशोरीबीच सहमतिमा भएको यौन सम्बन्धलाई अपराधमुक्त गर्ने र किशोरावस्थाको गर्भावस्था एवं बालविवाह रोक्न मेक्सिकोले सुझाव दिएको वरिष्ठ अधिवक्ता ढुङ्गानाले बताइन् ।

नेपाल सरकारले सन् २०२६ को जुन÷जुलाईमा हुने सत्रअघि युपिआर सिफारिसमा आफ्नो अन्तिम प्रतिक्रिया पेस गर्ने तयारी गरिरहेको सन्दर्भमा त्यसबारे तयारी र रणनीतिबारे विचार आदानप्रदान गरिएको हो । साथै, युपिआर प्रक्रियामा सुचित सार्वजनिक बहसको वातावरण बनाउन र जवाफदेहिता प्रवद्र्धन गर्न सञ्चारमाध्यमको भूमिका बढाउन कार्यक्रम आयोजना गरिएको मञ्चका सूचना अधिकारी विनोदचन्द्र देवकोटाले जानकारी दिए । विश्वव्यापी आवधिक समीक्षाको चौथो चक्रअन्तर्गत नेपालको प्रतिवेदनमाथि दिएका यी सुझाव स्वीकार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु नेपाल सरकारको संवैधानिक तथा अन्तरराष्ट्रिय दायित्व भएको उनले बताए । रासस

# देशभरिका अस्पतालको सर्वेक्षण गरिँदै




**काठमाडौँ ।**
राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरका निजी स्वास्थ्य संस्था (अस्पताल)को सर्वेक्षणको तयारी गरेको छ ।

देशभरिका निजी स्वास्थ्य संस्थाले मुलुकको कुल गार्हस्थ उत्पादनमा कति योगदान पुर्याएका छन् भनेर अध्ययन गर्नका लागि सर्वेक्षण गर्न थालिएको तथ्याङ्क कार्यालयका निर्देशक तीर्थराज बरालले जानकारी दिए । उनका अनुसार देशभरिका निजी सही सामुदायिक अस्पतालले गणकबाट सर्वेक्षण गरिनेछ । उनका आगामी वैशाखदेखि असार मसान्तसम्म तथ्याङ्क सङ्कलनको काम गर्ने दिए ।

अहिले कर्मचारी करारमा लिएका छनोट गर्ने कार्य भइरहेको छ । ती कर्मचारीलाई तालिम दिनेछौँ, उनले भने, अनि हामी ती कर्मचारीलाई तथ्याङ्क सङ्कलन गर्न अस्पतामा पठाउँछौँ । उनका अनुसार सर्वेक्षणबाट अस्पतालको आर्थिक अवस्था, अस्पतालले प्रदान गर्ने रोजगारी सङ्ख्यालगायत तथ्याङ्क सङ्कलन गरिनेछ ।

कार्यालयले प्रत्येक १०/१० वर्षमा निजी स्वास्थ्य संस्थाको सर्वेक्षण गर्ने भने तापनि केही वर्ष ढिलाइ भएको उनको भनाइ छ ।

सन् २०१३ मा भएको सर्वेक्षणमा निजी स्वास्थ्य संस्थाको मुलुकको कुल गार्हस्थ उत्पदानमा एक प्रतिशतभन्दा कम योगदान रहेको कार्यालयका निर्देशक बरालले जानकारी दिए । त्यतिबेला एकसय वटा अस्पतालमा सर्वेक्षण गरिएको थियो । यसपटक भने देशभरि दुई हजार ५५१ अस्पतालमा सर्वेक्षण गरिने तयारी गरिएको छ । रासस

# नीतिगत सुधार, सेवा प्रवाह र सामाजिक न्यायमा महत्वपूर्ण उपलब्धि



**काठमाडौं ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले आफ्नो कार्यकालको १०० दिने प्रगति प्रतिवेदन सार्वजनिक गरेकी छन् । उनले कार्यकाल सुरु भएको मङ्सिर २६ गतेदेखि चैत ८ गतेसम्मको उपलब्धि सार्वजनिक गरेकी हुन् । उनका अनुसार करिब १०० दिनको अवधिमा नीतिगत, संरचनागत तथा सेवा प्रवाह सुधारका महत्त्वपूर्ण प्रयास सुरु भएका छन् ।

सो अवधिमा मन्त्रालयले समावेशी शासन, लैङ्गिक समानता र सामाजिक न्यायका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको उल्लेख गरेको छ । नीतिगत सुधार र संस्थागत सुदृढीकरण, सार्वजनिक सेवा प्रवाह र लक्षित उपलब्धि, अन्तरराष्ट्रिय कार्यालयमा सहभागिता र कूटनीतिक भेटघाट, निर्वाचन केन्द्रित समन्वय तथा सहभागिता अभिवृद्धि, सेवा÷सहायता सामग्री वितरण, अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क प्रणाली सुदृढीकरणलगायत उपलब्धि मन्त्री श्रेष्ठले उल्लेख गरिन् ।

यस अवधिमा मन्त्रालयले नीतिनिर्माण र सुधारलाई प्राथमिकता दिएको छ । मानव बेचबिखन तथा ओसारप्रसार (नियन्त्रण) (दोस्रो संशोधन)नियमावली, २०८२ को मस्यौदा तथा राष्ट्रिय बालबालिका नीति २०८० कार्यान्वयनको कार्ययोजनाको मस्यौदा तयार भएको छ । यसैगरी लैङ्गिक हिंसा सम्बोधन गर्न लैङ्गिक हिंसाविरुद्धको राष्ट्रिय कार्ययोजना तथा मर्यादित महिनावारीसम्बन्धी निर्देशिकाको मस्यौदा तयार भएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार नुवाकोटमा बालसुधार गृह स्थापना गरिएको छ ।

यसैगरी भक्तपुरमा निजामती कर्मचारीका शिशुका लागि दिवा शिशु स्याहार स्थापना गर्ने निर्णय भएको छ । मन्त्रालयलाई अपाङ्गता भएका व्यक्तिको विविधता सम्बोधन गर्ने गरी सुरुआती चरणमा दृष्टिविहीन व्यक्तिको पहुँच सुनिश्चित गर्न पहिलो पटक ब्रेल एमबोस गरिएको बोर्ड तथा भिजिटिङ कार्ड प्रयोगमा ल्याइएको छ । समाज कल्याण परिषद्को कामकारबाहीलाई निष्पक्ष, पारदर्शी र प्रभावकारी बनाउन 'डिजिटल सेवा प्रवाह प्रणाली' शुभारम्भ गरिएको छ । जेन–जी आन्दोलनमा घाइते तथा प्रभावितहरूसँग निरन्तर छलफल भेटघाट तथा आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा सशक्तीकरणका कार्यक्रम समेट्ने गरी प्रतिबद्धता गरिएको छ । तथ्याङ्क प्रणाली सुदृढीकरण गर्दै मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित ७६ जिल्लाको डाटाबेस बनाइएको छ ।

प्रतिवेदनमा मन्त्री श्रेष्ठले मन्त्रालयको कार्यक्षेत्रका विषयमा दीर्घकालीन सुधारका लागि कानुनी सुधार गर्न लामो प्रक्रिया र समय लाग्ने समस्या उल्लेख गरेकी छन् । मन्त्रालयले छोटो अवधिमा निर्वाचन केन्द्रित रहँदै विभिन्न नीतिगत सुधार, संस्थागत सुदृढीकरण र प्रत्यक्ष सेवा सुधारका लागि महत्त्वपूर्ण पहलहरू अघि बढाएको मन्त्री श्रेष्ठले सार्वजनिक गरेको प्रगति विवरणमा उल्लेख छ । रासस

# पोखरा विमानस्थल अनियमितताबारे विशेष अदालतमा मुद्दा दायर




**काठमाडौँ ।**
अख्तियार दुरुपयोग अनुसन्धान आगोगले पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलमा अनियमितता प्रकरणमा विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगले तत्कालीन पर्यटन सचिव केदारबहादुर अधिकारीसहित २१ जना र दुई कम्पनीलाई प्रतिवादी बनाउँदै मुद्दा दायर गरेको अदालतका सहप्रवक्ता यज्ञराज रेग्मीलेले जानकारी दिएका छन् ।

प्रतिवदीहरुमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव केदारबहादुर अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशकद्वय सञ्जीव गौतम र राजन पोखरेल, प्राधिकरणका तत्कालीन उपमहानिर्देशक महेन्द्रसिंह रावल, प्राधिकरणका तत्कालीन निर्देशक स्व ध्रुवदास भोछिभोया, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक बाबुराम पौडेल, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन प्रबन्धक चाँदमाला श्रेष्ठ रहेको छ ।

त्यस्तै, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन उपनिर्देशक प्रवीण न्यौपाने, पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निर्माण आयोजनाका तत्कालीन आयोजना प्रमुख विनेश मुनकर्मी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन अधिकृत राजाराम चौधरी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन उपप्रबन्धक हिमज्योति थापा, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन वरिष्ठ लेखा अधिकृत नरेन्द्रराज सैंजु, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन लेखा अधिकृत÷उपप्रबन्धक प्रमोद नेपाल तथा राष्ट्रिय गौरव आयोजनाका तत्कालीन वरिष्ठ लेखा अधिकृत÷उपप्रबन्धक सविन फुयाल रहेको छ । अधिकाशलाई रु ४६ करोड, १५ लाख, ८४ हजार ४३४ बिगो छ । त्यसमध्ये नरेन्द्र सैंजु, प्रमोद नेपाल र सविन फुयाललाई रु आठ करोड ९५ लाख २ हजार ७८० बिगो छ । रासस

# पौवादुङमाका किसान उद्यममा जोडिँदै



**भोजपुर ।**
पौवादुङमा गाउँपालिकाले किसानलाई लक्षित गर्दै सञ्चालन गरेको उन्नत जातका गाई वितरण कार्यक्रमले यहाँका ग्रामीण बस्तीमा आर्थिक गतिविधि विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । परम्परागत निर्वाहमुखी कृषिमा सीमित रहेका किसान अहिले क्रमशः व्यावसायिक पशुपालनतर्फ उन्मुख हुँदै नियमित आम्दानी गर्ने बाटोमा अघि बढेका छन् ।

गाउँपालिकाले ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको गाईबाट उत्पादन भएको दुध बिक्री गर्दै किसानले गाउँमै आयआर्जन गर्न थालेका छन् । यसले वैदेशिक रोजगारी र बाह्य आयस्रोतमा निर्भरता घटाउँदै स्थानीयस्तरमै रोजगारी सृजना गर्ने वातावरण तयार पारेको छ । श्यामशिलाका किसान निमदोर्ची शेर्पा यस कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेमध्ये एक हुन् ।

उनका अनुसार अनुदानमा प्राप्त एक माउ गाईबाट अहिले मासिक रु आठदेखि १० हजारसम्म आम्दानी भइरहेको छ । पहिले दुध बेच्ने चलन नै थिएन, गाईपालन पनि घरायसी प्रयोजनमै सीमित थियो । अहिले व्यावसायिक रूपमा गाईपालन गर्दा राम्रो आम्दानी हुने रहेछ भन्ने बुझाइ आएको छ । अब थप गाई पालेर व्यवसाय विस्तार गर्ने योजना छ ।

गाउँपालिकाले श्यामशिला, तिवारीभञ्ज्याङ र च्याङ्ग्रे गरी तीन वडामा ३९ उन्नत जातका गाई वितरण गरेको थियो । दुध उत्पादन बढेसँगै बजार व्यवस्थापनको आवश्यकता महसुस भएपछि श्यामशिलामै दुग्ध सङ्कलन तथा प्रशोधन गर्ने सानो उद्योग सञ्चालनमा आएको छ । किसानले उत्पादन गरेको दुध यही उद्योगमा लगेर बिक्री गर्दै आएका छन् । यसले उनीहरूलाई सहज बजार सुनिश्चित गरेको शेर्पा बताउँछन् ।

गत आर्थिक वर्षमा 'उपाध्यक्ष आत्मनिर्भर कार्यक्रम' अन्तर्गत गाउँपालिकाले रु ५० लाख बजेट विनियोजन गरेर गाई वितरण गरेको हो । किसानलाई दीर्घकालीन रूपमा उद्यमशीलतामा जोड्ने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताइन् । उनका अनुसार वितरण गरिएका गाईको नियमित अनुगमन, स्वास्थ्य परीक्षण र प्राविधिक सहयोगसमेत उपलब्ध गराइँदै आएको छ ।

गाई वितरणमात्रै गरेर हुँदैन, उपाध्यक्ष राईले भनिन्, त्यसलाई दिगो बनाउन आवश्यक सहजीकरण पनि उत्तिकै आवश्यक हुन्छ । त्यसैले गाउँपालिकाले किसानलाई तालिम, प्राविधिक सेवा र अन्य आवश्यक सामग्रीसमेत उपलब्ध गराउँदै आएको छ । उपाध्यक्ष राईका अनुसार चालु आर्थिक वर्षमा पनि गाउँपालिका र किसानको लागत साझेदारीमा करिब रु ३० लाखबराबरको गाई वितरण कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाले गाई वितरणसँगै किसानलाई उन्नत जातको घाँस, घाँस उत्पादनसम्बन्धी तालिम तथा घाँस काट्ने 'च्याप कटर'जस्ता उपकरण पनि वितरण गर्दै आएको छ । यसले पशुपालनलाई व्यवस्थित र उत्पादनमुखी बनाउन सहयोग पुगेको छ ।

दुध उत्पादनमा आत्मनिर्भरता हासिल गर्दै किसानको जीवनस्तर उकास्ने लक्ष्यसहित 'दुग्ध मिसन कार्यक्रम' सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष किरण राईले जानकारी दिए । "गाउँपालिकाले थालेको यो अभियानले सकारात्मक परिणाम दिन थालेको छ, अध्यक्ष राईले भने, किसान गाउँमै बसेर आम्दानी गर्न थालेका छन् । आगामी दिनमा यसलाई अझ विस्तार गरिनेछ ।

यस्तै, पौवादुङमा–१ का वडाध्यक्ष राजेन्द्र तामाङका अनुसार स्थानीयस्तरमा उत्पादन भएको दुध अहिले भोजपुर सदरमुकामसम्म पुग्न थालेको छ । श्यामशिलामा मात्र २१ किसानलाई गाई वितरण गरिएको छ । उत्पादन बढेसँगै व्यापारी गाउँमै आएर दूध किन्ने गरेका छन् । यसले किसानलाई थप हौसला मिलेको छ ।

बजारसँगको पहुँच विस्तार हुँदै जाँदा यहाँको दुग्ध उत्पादनले व्यावसायिक रूप लिन थालेको छ । विगतका वर्षहरूमा गाउँपालिकाले उन्नत जातको भैँसी वितरण कार्यक्रम पनि सञ्चालन गरेको थियो । गाई, भैँसी वितरणसँगै उत्पादन भएको प्राङ्गारिक मलको सदुपयोग गराउने लक्ष्यले 'एक घर एक फलफूल' बगैँचा कार्यक्रम सञ्चालन भइरहेका गाउँपालिकाले जनाएको छ ।

पशुपालन तथा कृषिलाई आधुनिक र व्यावसायिक बनाउँदै स्थानीय अर्थतन्त्र मजबुत बनाउन योजनाबद्ध रूपमा काम थालिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले बताए । ग्रामीण क्षेत्रमा आयआर्जनको स्रोत विस्तारसँगै आत्मनिर्भरता प्रवद्र्धन गर्न कृषिका कार्यक्रमलाई प्राथमिकता दिइएको उनको भनाइ छ । रासस

## आलु उत्पादक किसानको पीडाः

# 'खनौँ भाउ छैन, नखनौँ कुहिने डर'

**काभ्रेपलाञ्चोक ।**
काभ्रेपलाञ्चोकमा किसानले खेतबारीबाट आलु खनिरहेका छन् । उत्पादन बढे पनि आलु बिक्री गर्न बजार अभाव भएका कारण यहाँका किसान चिन्तित बनेका छन् । जिल्लामा प्रमुख रूपमा तरकारी उत्पादन हुने पाँचखाल, मण्डनदेउपुर, नाला तथा पनौती क्षेत्रमा अहिले किसान धमाधम आलु खनिरहेका छन् । खेतका गह्राभरि आलुका बोरा ठडिएका छन् । सडक छेउमा पनि आलुको चाङ लागेको देखिन्छ । तर किसान भने खुसी देखिएका छैनन् । बजार मूल्य खस्किँदो छ । खेतबारीमै पुग्ने व्यापारी पनि आउन छाडेका छन् ।



'आलुको भाउ त घटेकै छ, तर व्यापारी पनि खेतबारीमा आउँदैनन्, व्यापारीलाई आफैँ बोलाएर आलु लैजान भन्नुपर्ने बाध्यता छ', पाँचखाल नगरपालिका–६ ढुङ्गानाबेँसीका किसान रामेश्वर सापकोटाले भने । उनका अनुसार अहिले आलु प्रतिकिलो रु सातदेखि रु १० सम्ममा बिक्री भइरहेको छ । आलु सस्तोमा बिक्री गर्नुपर्दा किसान आलु 'खन्ने या नखन्ने' अलमलमा देखिन्छन् । सापकोटा भन्छन्, 'खनौँ भाउ छैन, नखनौँ कुहिने डर छ ।' यस वर्ष आलुको मूल्य घटेकाले लागत उठ्न हम्मेहम्मे हुने अगुवा किसान सापकोटा बताउनुहुन्छ । उनका अनुसार केही किसानले आफैँ काठमाडौँको कालीमाटीस्थित तरकारी बजार लैजाँदा आलु नबिकेकाले व्यापारीकै भाउमा छाडेर आउनुपरेको छ । यसकारण पनि किसानको लगानी जोखिममा परको छ ।

अन्य बालीको तुलनामा आलुखेतीमा लागत खर्च बढी हुने गर्दछ । जमिन तयारी, प्राङ¬्गारिक तथा रासायनिक मल, आलुको बीउ, सिँचाइ, औषधि तथा जनशक्ति खर्च हिसाब गर्दा प्रतिकिलो रु १८ देखि रु २० सम्म पर्छ । विगत वर्षमा यही समयमा प्रतिकिलो रु २८ देखि रु ३५ सम्ममा आलु बिक्री हुने गरेको थियो । छिप्पेको आलु नखन्दा खेतमै कुहिने डरले घाटा खाएरै भए पनि व्यापारीलाई प्रतिकिलो रु १० सम्ममा बेचियो, तर पैसा समयमै पाइने÷नपाइने चिन्ताकै अवस्था छ", स्थानीय विजय पराजुलीले भने । पाँचखाल नगर कृषि शाखाका अनुसार नगर क्षेत्रमा करिब ७० हजार रोपनी क्षेत्रफलमा आलुखेती गरिन्छ । शाखा प्रमुख हेमन्त पौडेलले पाँचखालमा वार्षिक करिब ९० हजार मेट्रिक टनभन्दा बढी आलु उत्पादन हुने गरेको जानकारी दिए । उनका अनुसार यस वर्ष बजार मूल्य घटेका कारण किसानले कुल लागत मूल्यको तुलनामा करिब रु ६३ करोड ७० लाखको हाराहारीमा आम्दानी गुमाउने आँकलन गरिएको छ । सरकारले कृषि उत्पादनको उचित मूल्य निर्धारण, भण्डारणको व्यवस्था, सरकारबाट बजार व्यवस्थापन तथा आलु प्रशोधन उद्योगको विकास गर्नसके किसानको समस्या हल हुनसक्ने स्थानीय दामोदर अधिकारीको भनाइ छ ।

मण्डनदेउपुर नगरमा किसान झरी, बादल, घाम नभनी धमाधम आलु खनिरहेका भेटिन्छन् । मण्डनदेउपुर–१० स्थित मण्डन फाँटका ८२ वर्षीय पशुपति श्रेष्ठ भन्छन्, यस वर्ष आलु गत वर्षभन्दा झण्डै दोब्बरले फलेको पाइयो, तर भाउ भने घटिरहेको छ, किसानलाई दुखैदुःख छ । ज्वानेटार फाँटमा विगत १० वर्षदेखि व्यावसायिक रूपमा आलुलगायत तरकारीखेती गर्ने किसानको सङ्ख्या बढिरहेको छ । उक्त फाँटमा यस सिजनमा दुई सय रोपनी जग्गामा आलु रोपिएको स्थानीय किसान नारायण श्रेष्ठले बताए । उनले करिब १२ रोपनी जमिनमा आलु रोप्न थालेको पाँच वर्ष भइसक्यो ।

श्रेष्ठ भन्छन्, गत वर्ष त्यही जग्गामा ६० बोरा जति आलु फल्यो, तर यो वर्ष भने १२० बोराभन्दा बढी फलेको छ, अहिले भाउ पोहोरको भन्दा तेब्बरले घट्यो । यतिबेला मण्डनदेउपुरका ज्वाँनेटार, जोगिटार, माइटार, कुन्ताबेँसी तथा चाखोलाका हजारौँ रोपनी खेतबारीमा आलुखेती गरिएको छ । जिल्ला कृषि विकास कार्यालयका अनुसार काभ्रेपलाञ्चोकमा हरेक वर्ष नौ हजार १६३ हेक्टर जमिनमा वार्षिक एक लाख ८९ हजार ७८ मेट्रिक टन आलु उत्पादन हुन्छ । यहाँका किसानले उत्पादन गरेको तरकारीजन्य वस्तुमध्ये उपभोगलाई छुट्याएर सङ्घीय राजधानी काठमाडौँको बजारमा पुर्याउँदासमेत तरकारीको ३५ प्रतिशत हिस्सा काभ्रेपलाञ्चोकबाटै थेगिएको तथ्याङ्क छ । यसमध्ये आलुको मात्रा अग्रस्थानमा रहेको कार्यालय प्रमुख कुलप्रसाद दवाडी बताउछन् । रासस

# ३० हजार किमि उड्ने चराको सङ्कट

**रियो डी जेनेरियो ।**
पृथ्वीको एक छेउबाट अर्को छेउसम्म हरेक वर्ष करिब ३० हजार किलोमिटर उडान भर्ने अद्भुत शोरबर्ड प्रजाति हड्सनियन गोडविट अहिले अस्तित्वकै सङ्कटमा पुगेको छ । जलवायु परिवर्तनदेखि मानव गतिविधिसम्मका कारण यसको सङ्ख्या चार दशकमा ९५ प्रतिशतले घटेको तथ्यले विश्व संरक्षण प्रयासमाथि गम्भीर प्रश्न खडा गरेको छ ।



आर्कटिकबाट दक्षिण अमेरिकाको पुछार प्याटागोनियासम्मको कठिन यात्रा गर्दै फेरि फर्किने यो चरालाई विश्वकै असाधारण यात्रु प्रजातिमध्ये एक मानिन्छ । तर, बदलिँदो वातावरणीय अवस्थाले यसको बाँच्ने आधार नै कमजोर बन्दै गएको वैज्ञानिकहरू बताउँछन् । ब्राजिलमा सोमबारदेखि सुरु हुने आप्रवासी प्रजातिको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (सीएमएस)को बैठकमा हड्सनियन गोडविटलाई अन्तर्राष्ट्रिय संरक्षण आवश्यक पर्ने ४२ प्रजातिको सूचीमा राखिएको छ । यस सूचीमा ह्यारी पोटरमा देखाइने हिउँ पर्ने उल्लू, धारीदार हाइना र ह्यामरहेड शार्कजस्ता अन्य जोखिममा रहेका जीवहरू पनि समावेश छन् । म्यासाचुसेट्स एम्हर्स्ट विश्वविद्यालयका पारिस्थितिकीविद् नाथन सेनरका अनुसार प्रवासी चराहरूले 'छिटो र नाटकीय गिरावट' को सामना गरिरहेका छन् । उनले विगत २० वर्षदेखि यस प्रजातिको अध्ययन गर्दै आएका छन् । उनका अनुसार गोडविटले एकै पटकमा ११ हजार किलोमिटरसम्म बिना रोकटोक उड्न सक्छ, जहाँ उसले खान, पिउन वा आराम गर्नसमेत पाउँदैन ।

तर, यस्तो 'महाकाव्य उडान' सफल बनाउन यात्राको हरेक चरणमा पर्याप्त र भरपर्दो खाद्य स्रोत आवश्यक पर्छ । अहिले यही पूर्वानुमानयोग्यता बिग्रँदै गएको छ । आर्कटिक क्षेत्रमा वसन्तको समय परिवर्तन हुँदा बच्चा हुर्किने समय र कीराहरूको उपलब्धताबीच असन्तुलन देखिएको छ, जसले चराको जीवनचक्रमा असर पारेको छ ।

अझै किन गोडविटहरू अघिल्ला वर्षको तुलनामा ढिलो बसाइँ सर्ने थालेका छन् भन्ने रहस्य पनि वैज्ञानिकहरूका लागि चुनौती बनेको छ । सेनरका अनुसार या त उनीहरूले प्रयोग गर्ने प्राकृतिक सङ्केतमा परिवर्तन आएको छ, वा उनीहरूको तयारी प्रक्रियामा समस्या देखिएको छ । दक्षिणी चिलीमा सालमन र ओइस्टर खेती विस्तार हुँदा तटीय क्षेत्रहरूमा मानव गतिविधि बढेको छ, जसले चराले खाने स्थानहरूमा असर पारेको छ । उता अमेरिकामा खेती प्रणाली परिवर्तन हुँदा सिमसार क्षेत्र घट्दै गएका छन्, जसले गोडविटलाई आराम र आहारका लागि उपयुक्त स्थान खोज्न कठिन बनाएको छ ।

विशेषज्ञहरूका अनुसार यो समस्या केवल एक प्रजातिमा सीमित नभई धेरै प्रवासी प्रजातिहरूको साझा सङ्कटको प्रतिनिधि हो । ब्राजिलको वातावरणीय निकाय इबामाका प्रमुख रोड्रिगो अगोस्टिन्होले जलवायु परिवर्तनले 'प्राकृतिक समयचक्रमा निर्भर प्रजातिहरूलाई गम्भीर असर' पारिरहेको बताए । सीएमएस बैठकमा सहभागी देशहरूलाई जोखिममा रहेका प्रजातिहरूको संरक्षण, बासस्थान जोगाउने, आप्रवासनमा अवरोध हटाउने र अन्तरदेशीय सहकार्य बढाउने कानूनी दायित्व हुन्छ । तर हालैको प्रतिवेदनअनुसार सूचीबद्ध प्रजातिमध्ये ४९ प्रतिशतको सङ्ख्या अझै घटिरहेको छ, जुन दुई वर्षअघिको तुलनामा बढी हो । सीएमएसकी कार्यकारी सचिव एमी फ्रेन्केलका अनुसार विशेषगरी गोडविटजस्ता चराहरूको अवस्था झन् खराब हुँदै गएको छ । उनले माछा प्रजातिहरूको अवस्था अझ चिन्ताजनक रहेको उल्लेख गर्दै सूचीबद्ध ९७ प्रतिशत माछा लोप हुने जोखिममा रहेको बताइन् ।

उनका अनुसार प्रवासी प्रजातिहरू परागण, कीरा नियन्त्रण र पोषक तत्त्वको ओसारपसारमार्फत स्वस्थ पारिस्थितिक प्रणालीका लागि अत्यन्त आवश्यक छन् । यसैबीच, केही सकारात्मक सङ्केत पनि देखिएका छन् । मध्य एसियाको ब्याक्ट्रियन हिरणको सङ्ख्या बढेकाले यसलाई उच्च जोखिम सूचीबाट हटाउने प्रस्ताव बैठकमा प्रस्तुत गरिएको छ । रासस

# पाकिस्तानः गिरफ्तारीमार्फत असहमति दबिएको आरोप

**इस्लामाबाद ।**
पाकिस्तानमा शान्तिपूर्ण प्रदर्शन र अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण कडा बन्दै गएको भन्दै मानव अधिकार समूहहरूले चिन्ता व्यक्त गरेका छन् । पाकिस्तानमा अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा सडकमा उत्रन खोज्नेहरू समेत पक्राउ परेका घटनाले बहस चर्किएको छ । राजधानी इस्लामाबादमा समाजशास्त्री तथा अधिकारकर्मी मावरा बारी अन्तर्राष्ट्रिय महिला दिवसको मार्चमा सहभागी हुन जानुभएको थियो, तर उहाँको दिन सडकमा नभई जेलको साँघुरो कोठामा बित्यो । उनले करिब १२ घण्टा अत्यन्तै असहज, दुर्गन्धयुक्त र दम घुट्ने वातावरणमा बिताउनुपरेको बताउनुभएको छ । त्यहाँ बिग्रिएको शौचालयबाट दुर्गन्ध आइरहेको, भुइँ सधैँ भिजेको र पसिनाको गन्ध मिसिएको वातावरणले बस्नै नसकिने अवस्था बनाएको थियो ।

उनका अनुसार महिला, पुरुष र बालबालिका गरी ३० जनाभन्दा बढीलाई एकैसाथ पक्राउ गरिएको थियो । हामी अत्यन्त खराब अवस्थाको जेलमा थियौँ, हामीमाथि कुटपिट समेत भयो,उनले भने । एएफपीका एक पत्रकारले रिहाइका क्रममा कैदीहरूको अवस्था प्रत्यक्ष देखेका थिए,जहाँ धेरैजना मानसिक रूपमा विचलित देखिन्थे भने केहीमा शारीरिक चोटपटक र सुन्निने जस्ता दुव्र्यवहारका सङ्केत स्पष्ट थिए । प्रहरी चौकी बाहिर एक अभिभावकले भावुक हुँदै भने, मेरी छोरी त केवल मार्च हेर्न आएकी थिइन्, उनले कुनै गल्ती गरेकी थिइनन् । यस्ता घटनाले शान्तिपूर्ण भेला र नागरिक स्वतन्त्रतामाथि राज्यको दृष्टिकोणबारे प्रश्न उठाएको छ । रोचक रूपमा, प्रधानमन्त्री शाहबाज सरिफले सोही दिन सामाजिक सञ्जालमार्फत महिला सशक्तीकरणलाई सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै महिलाहरूको योगदानको प्रशंसा गर्नुभएको थियो । तर व्यवहारमा भने प्रदर्शनमा उत्रिने प्रयास गर्नेहरू पक्राउ परेका छन् । मानव अधिकार सङ्गठनहरूले पाकिस्तानमा गिरफ्तारीलाई असहमति दबाउने उपकरणका रूपमा प्रयोग गरिएको आरोप लगाउँदै आएका छन् । एम्नेस्टी इन्टरनेसनलले मनमानी हिरासत, बल प्रयोग र जमघटमाथि प्रतिबन्धमार्फत असहमतिलाई सीमित गरिएको चेतावनी दिएको छ । धेरैजसो अवस्थामा पक्राउ गरिएका व्यक्तिहरूलाई कारणसमेत स्पष्ट नबताइने गरिएको बताइएको छ ।



ह्युमन राइट्स वाचले कार्यकर्ता, पत्रकार र वकिलहरूलाई लक्षित गर्दै धम्की, कानूनी उत्पीडन र जबरजस्ती बेपत्ता पार्ने घटनाहरू अभिलेख गरेको जनाएको छ । समानताको माग गर्ने समूह वा विपक्षी धारका प्रदर्शनहरू प्रायः रोकिएका वा प्रतिबन्धित भएका छन् भने सरकार समर्थित गतिविधिहरू सहज रूपमा सञ्चालन हुने गरेको आरोप छ । डिजिटल अधिकारकर्मी उसामा खिलजीका अनुसार अहिले 'लगभग सबै कुरा राष्ट्रिय सुरक्षासँग जोडिने' अवस्था बनेको छ, जसका आधारमा कारबाही गरिन्छ । उहाँले मानव अधिकार वकिल इमान मजारीको उदाहरण दिँदै संवेदनशील मुद्दाहरू उठाउनेहरूलाई जेल सजाय भोग्न बाध्य पारिएको बताउनुभयो । मजारी र उहाँका पति हादी अली चत्ता दुवै 'राज्यविरोधी' सामाजिक सञ्जाल पोस्टका आरोपमा कारागारमा हुनुहुन्छ ।

त्यस्तै, डिजिटल पत्रकार सोहराब बरकतलाई पनि राज्य संस्थामाथि आलोचना गरेको आरोपमा परीक्षणबिनै हिरासतमा राखिएको छ । क्यानाडाबाट आएका पाकिस्तानी मूलका एक अनुसन्धानार्थीसमेत सामाजिक सञ्जाल पोस्टकै कारण केही दिन बेपत्ता भएको बताइएको छ । पत्रकारहरूको सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरूले पनि पाकिस्तानमा जोखिम बढ्दो रहेको बताएका छन् । सन् २०२४ मा मात्र कम्तीमा सात पत्रकारको हत्या भएको र अन्यले उत्पीडन तथा बेपत्ता पारिने घटनाको सामना गर्नुपरेको उल्लेख गरिएको छ । नयाँ मिडिया कानूनहरूलाई पनि अभिव्यक्ति स्वतन्त्रतामाथि अङ्कुश लगाउने भन्दै आलोचना भइरहेको छ ।

महिला दिवसकै क्रममा पक्राउ परेकी पत्रकार सेहरिस कुरेसीले आफू अन्य पत्रकारहरूको अवस्थाबारे बुझ्न मात्र प्रहरी कार्यालय पुगेको बताए । मलाई भित्र जान दिइयो, तर पछि बिना कारण हिरासतमा लिइयो, उनले भने । पाकिस्तान मानव अधिकार आयोगका महासचिव ह्यारिस खालिकले यस्ता कानूनी प्रबन्धलाई 'कठोर' भएको टिप्पणी गरे । यसले स्वतन्त्र अभिव्यक्ति र मिडियाको भूमिकालाई कमजोर बनाउने खतरा औँल्याइएको छ ।

रिहाइपछि केही दिनमै बारीले साथीहरूसँग अनुभव सुनाउँदै भन्नुभयो, सुरुमा अत्यन्त डरलाग्दो थियो, हामीलाई किन पक्राउ गरियो भन्ने नै थाहा थिएन । पछि प्रहरीले चार जनाभन्दा बढी भेला हुन नपाइने कानून उल्लङ्घन भएको जनाएको थियो । यद्यपि, केही दिनपछि हजारौँ सिया मुस्लिमहरू अल–कुद्स दिवसका अवसरमा इस्लामाबादमा भेला भएका थिए । यसले प्रतिबन्धहरूको असमान कार्यान्वयनबारे थप प्रश्न उठाएको छ । यस्ता जोखिमका बाबजुद अधिकारकर्मीहरू पछि हट्न तयार छैनन् । प्रदर्शनका क्रममा पक्राउ परेका र कुटपिट भोगेका एक सहभागीले भने,यसले मलाई रोक्ने छैन । रासस

# राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनः नीतिगत सुधार र उद्यमशीलतामा जोड



**काठमाडौँ ।**
‘उद्यमशीलता फैलाऔँ, युवालाई स्वरोजगार बनाऔँ’ मूल नारासहित पाँचौँ राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आजदेखि काठमाडौँमा सुरु भएको छ । नेपालमा लघुवित्त कार्यक्रम सञ्चालन गर्दै आएका प्रमुख संस्थाहरूको सक्रिय पहल तथा स्वावलम्बन विकास केन्द्रको संयोजनमा आयोजना गरिएको उक्तसम्मेलनमा विभिन्न तहका विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको छ ।
सम्मेलनमा नियामक निकायका प्रतिनिधि, नीति निर्माता, सरकारी उच्च अधिकारी, लघुवित्त संस्थाका अध्यक्ष तथा सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, लघुवित्तकर्मी तथा सेवाग्राही सदस्यसहित ६०० भन्दा बढीको सहभागिता रहेको आयोजकले जनाएको छ । दुई दिनसम्म सञ्चालन हुने यस सम्मेलनले लघुवित्त क्षेत्रका उपलब्धि, समस्या तथा चुनौतीहरूबारे गम्भीर समीक्षा गर्दै भावी रणनीति निर्धारण गर्ने अपेक्षा गरिएको छ ।
सम्मेलनको उद्घाटन सत्रमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा प्रकाशकुमार श्रेष्ठले नेपालको गरिबी न्यूनीकरणमा लघुवित्त क्षेत्रले पुर्याएको योगदान प्रशंसनीय रहेको उल्लेख गरे । उनले देशव्यापी रूपमा गरिबी दरमा कमी आए पनि दुर्गम क्षेत्रका कतिपय स्थानीय तहमा अझै उच्च दरमा गरिबी कायम रहेकाले लघुवित्त संस्थाले आफ्नो पहुँच ती क्षेत्रमा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए । उनले कोभिड–१९ पछिको आर्थिक सुस्तता, संस्थागत सुशासनको अभाव तथा बढ्दो निष्क्रिय कर्जालाई लघुवित्त क्षेत्रका प्रमुख चुनौतीका रूपमा उल्लेख गर्दै संस्थागत सुधार र वित्तीय अनुशासनमा विशेष ध्यान दिनुपर्ने बताए । साथै, अबको लघुवित्त प्रणाली परम्परागत कर्जा प्रवाहमा सीमित नरही ‘क्रेडिट प्लस’ मोडेलमार्फत उत्पादनको बजारीकरण र उद्यम विकासमा केन्द्रित हुनुपर्ने धारणा उपाध्यक्ष डा श्रेष्ठले व्यक्त गरे ।
सम्मेलन आयोजक समितिका अध्यक्ष शङ्करमान श्रेष्ठले लघुवित्त संस्थाहरूले आफ्नो भूमिकालाई समयसापेक्ष रूपमा पुनःपरिभाषित गर्नुपर्ने आवश्यकता औँल्याएका थिए । उनले लघुवित्त केवल कर्जा प्रवाह गर्ने माध्यम नभई उद्यमशीलता विकासको आधार बन्नुपर्नेमा जोड दिए । ‘हाम्रा सदस्यहरूलाई ऋणी मात्र नभई सक्षम उद्यमीका रूपमा रूपान्तरण गर्न सकेमा उनीहरूको आयस्तर वृद्धि हुनुका साथै संस्थागत दिगोपनासमेत सुनिश्चित हुन्छ’, अध्यक्ष श्रेठले भने । उनले नोबेल पुरस्कार विजेता मोहम्मद युनुसद्वारा प्रतिपादित ‘थ्री जिरो’ अवधारणालाई लघुवित्त क्षेत्रको मार्गदर्शक सिद्धान्तका रूपमा अङ्गीकार गर्नुपर्नेमा पनि जोड दिए । त्यस्तै, लघुवित्त क्षेत्रमा देखिँदै आएका बहुबैंकिङ, तथ्याङ्कीय दोहोरोपनालगायतका विकृतिप्रति गम्भीर चिन्ता व्यक्त गर्दै उहाँले यस्ता प्रवृत्तिलाई नियन्त्रण गर्न नियामक निकाय र सम्बन्धित संस्थाहरूले समन्वयात्मक पहल गर्नुपर्ने आवश्यकता औँल्याए ।
त्यस्तै, नेपाल लघुवित्त बैंकर्स सङ्घका अध्यक्ष रामबहादुर यादवले लघुवित्त क्षेत्रलाई थप सुदृढ र प्रभावकारी बनाउन ‘लघुवित्त विकास कोष’ स्थापना गर्नुपर्ने प्रस्ताव राखे । उनले सरकार तथा अन्तरराष्ट्रिय विकास साझेदार निकायहरूसँगको सहकार्यमा सहुलियत दरमा स्रोत परिचालन गर्ने व्यवस्था मिलाउन सकेमा विपन्न वर्गले सहज रूपमा कर्जा प्राप्त गर्ने र समग्र अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । अध्यक्ष यादवका अनुसार हाल सञ्चालनमा रहेका लघुवित्त संस्थामार्फत करिब २७ लाख व्यक्तिले कर्जा सेवा लिइरहेका छन् भने कूल कर्जा लगानी करिब रु पाँच खर्ब पुगेको छ । यस क्षेत्रले प्रत्यक्ष रूपमा करिब २२ हजारलाई रोजगारी प्रदान गरेको उनको भनाइ छ ।
नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले लघुवित्त क्षेत्र मुलुकको वित्तीय प्रणालीको अपरिहार्य अङ्ग भएको स्पष्ट परेका थिए । उनले दुर्गम तथा पहुँचविहीन क्षेत्रमा साना तथा विना धितो कर्जा उपलब्ध गराउने कार्यमा लघुवित्तको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे । उनले पछिल्लो समय खराब कर्जा वृद्धि हुनु चिन्ताको विषय भएको उल्लेख गर्दै विगतका कमजोरीहरू सच्याउँदै सेवा गुणस्तर अभिवृद्धिमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याए । नियामक निकायले मर्जर नीति, कर्जा सीमा निर्धारण तथा बहुबैंकिङ नियन्त्रणजस्ता उपायहरू अवलम्बन गरिसकेको जानकारी पनि कार्यकारी निर्देशक पौडेलले दिए ।
राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरीले सहकारी क्षेत्रप्रति नकारात्मक धारणा निर्माण गर्ने प्रयासप्रति ध्यानाकर्षण गराउँदै लघुवित्तसम्बन्धी कार्य गर्ने सहकारीहरूले उल्लेखनीय योगदान पुर्याइरहेको बताए । उनले सदस्यहरूलाई उद्यमशील बनाउने दिशामा सहकारी र लघुवित्त संस्थाहरूले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आवश्यकता औँल्याए ।
सम्मेलनअन्तर्गत सात सत्रमार्फत लघुवित्तका विविध आयाममा गहन छलफल तथा अन्तक्रिया हुने कार्यक्रम रहेको छ । सदस्यको अनुभव, वर्तमान अवस्था र चुनौती, ‘क्रेडिट प्लस’ कार्यक्रम, प्रविधिको प्रयोग, युवास्वरोजगार, मानसिक स्वास्थ्य व्यवस्थापन तथा क्षेत्रगत सुधारका विषयहरूमा विशेषज्ञहरूबीच विचारविमर्श हुने आयोजकले जनाएको छ । स्वावलम्बन विकास केन्द्रले २०७३ सालदेखि प्रत्येक दुई वर्षमा यस्तो सम्मेलन आयोजना गर्दै आएको छ ।
नेपाल राष्ट्र बैंकको गत असोज मसान्तसम्मको तथ्याङ्कअनुसार देशभर सञ्चालनमा रहेका ५२ लघुवित्त वित्तीय संस्थाले पाँच हजारभन्दा बढी शाखामार्फत ६२ लाखभन्दा बढी नागरिकलाई सेवा प्रदान गरिरहेका छन्, जसमध्ये करिब ९५ प्रतिशत महिला रहेका छन् । हाल करिब २७ लाख सदस्यले कर्जा उपयोग गर्दै विभिन्न व्यवसाय सञ्चालन गरिरहेका छन् । लघुवित्त क्षेत्रले गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, आर्थिक तथा सामाजिक रूपान्तरण, साक्षरता अभिवृद्धि र दिगो विकासमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । रासस

# धुलिखेल–खावा सडक स्तरोन्नति थालियो




**काभ्रेपलाञ्चोक ।**
अरनिको राजमार्गअन्तर्गत धुलिखेल–खावा सडकखण्डमा सवारीसाधान आवागमनमा रोक लगाई स्तरोन्नति थालिएको छ । यसका लागि डिभिजन सडक कार्यालय भक्तपुरले उक्त सडकखण्डको स्तरोन्नतिकार्यलाई तीव्रता दिइएको अवस्थामा कलोपत्र ९पक्की० बनाउन शनिबार रातिदेखि दुई हप्ता सडक बन्द गरेको हो ।
लामो समयसम्म निर्माण व्यवसायीको लापरवाहीका कारण रोकिएको विस्तारका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरिएपछि पुनः स्तरोन्नतिलाई तीव्रता दिइएपछि पक्की बनाउन यही चैत ७ देखि २० गतेसम्म रातिको समयमा साँझ ६ देखि बिहान ५ बजेसम्म यातायातका साधान बन्द गरिएको हो । साथै, उक्त अवधिभर टिपरलगायत मालवाहक सवारीसाधनलाई भने पूर्णतः रोक लगाइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुनम योगेशले बताए । उनका अनुसार चार किलोमिटर दूरीको उक्त सडकखण्डमध्ये चैतमा २ । ५ किलोमिटर र आउँदो वैशाखमा बाँकी पक्की गरिसक्ने लक्ष्य लिइएको छ ।
उक्त सडकखण्डमा सुरुमा ‘सिटीभी’ हाल्ने र त्यसपछि लक्ष्यअनुसार पक्की बनाउँदै लगिनेछ योगेशले बताए । लामो समयसम्म निर्माण व्यवसायीको लापरवाहीका कारण रोकिएको विस्तारकार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरिएपछि विभिन्न स्थानमा कटिङको कामबाट पुनः स्तरोन्नति कार्यलाई तीव्रता दिइँदै आइएको हो । कार्यालयका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी सीएनएवान काली जेभीसँग भ्याटबाहेक रु ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता गरिएको हो । हाल साना संरचना तथा टेवा पर्खाल निर्माणका काम भइरहेको जनाइएको छ । चिसो मौसमका कारण सडकमा सतह (सर्फेस) को काम नभएको र चिसो कम हुँदै गएपछि पक्की बनाउने योजना बनाइएको योगेशले बताए ।
उक्त सडकखण्डमा कालोपत्रको काम सकिएपछि सडकको ‘स्लोप मेन्टेन’ र अन्य बाँकी सानातिना काम गरिने योगेशको भनाइ छ । सात मिटर चौडाइको बन्ने उक्त सडकखण्को सडकमा रहेका पहिरो व्यवस्थापन गर्न नयाँ प्रविधिको प्रयोगसमेत गरिने छ । यसैबीच निर्माणमा ढिलासुस्ती हुँदा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यलयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुनः बोलपत्र आह्वान गरेको थियो । जिल्ला सदरमुकाम धुलिखेलदेखि–खावासम्मको उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि २५ प्रतिशतसमेत निर्माणको काम नसकेको अवस्थामा कार्यालयले २०८१ फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी–पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो । उसले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो ।
उक्त सडकखण्ड अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरीनाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकका रूपमा रहेको छ । उक्त सडकमा गुड्ने मालवाहक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबीएम र आस्फाल कालोपत्र गर्ने कार्यालयले जनाएको छ । रासस

# प्रधानमन्त्री कप क्रिकेटः एपीएफ विजयी




**काठमाडौँ ।**
प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा एपीएफ क्लबले बागमती प्रदेशलाई पराजित गर्दै जित हासिल गरेको छ । काठमाडौँको मूलपानिस्थित माथिल्लो मुलपानी क्रिकेट मैदानमा आईतबार भएको खेलमा एपीएफले बागमती प्रदेशलाई ७१ रनले पराजित गर्दै जित हासिल गरेको हो । २७२ रनको लक्ष्य पछ्याएको बागमती प्रदेश ४५.१ ओभरमा सबै विकेट गुमाउँदै २०० रनमै समेटियो ।
बागमतीका लागि विवेक मगरले ३४ रन बनाए भने उत्तम मगरले २६ रनको योगदान दिए । त्यस्तै सुबास खत्रीले २७ रन तथा रिजन ढकाल अविजित २० रन जोडे । बलिङतर्फ एपीएफका रोहित पौडेल र अभिषेक गौतम ले उत्कृष्ट प्रदर्शन गर्दै समान ३–३ विकेट लिए । साथै युवराज खत्री, नन्दन यादव र कमल ऐरीले समान एक एक विकेट लिए ।
त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको एपीएफले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २७१ रनको योगफल तयार पारेको थियो । एपीएफका लागि आसिफ शेखले सर्बाधिक ११४ रनको योगदान दिए । उनले १४ चौका र ३ छक्काको सहयोगमा ११४ रनको योगदान दिएका हुन । त्यस्तै सन्दीप जोराले ५२ रनको महत्वपूर्ण योगदान दिए । लोकेश बमले २९ रन, युवराज खत्रीले अविजित २६ रन बनाए भने कप्तान रोहित पौडेलले ९ रन जोडे बलिङतर्फ बागमतीका रिजन ढकालले चार विकेट लिए भने इसान पान्डेले दुई विकेट झारे ।
त्यस्तै सन्दिप लामिछाने र सोनु देवकोटाले समान एक एक विकेट लिए । प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब र सात प्रदेश गरी १० टोलीको सहभागिता रहेको छ । शनिबार देखि सुरुआत भएको उक्त प्रतियोगिताको विजेता टोलीले रु १० लाख पाउँदा उपविजेताले रु पाँच लाख प्राप्त गर्नेछन् । रासस

# ‘एक जिल्ला एक स्वस्थ सहर’बन्ने



**भक्तपुर ।**
बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशका १३ वटै जिल्लामा ‘एक जिल्ला एक स्वस्थ सहर’ घोषणा गर्ने तयारी गरेको छ । बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले स्वास्थ्य मन्त्रालयले प्रत्येक जिल्लाको एउटा सहर वा पालिकालाई स्वस्थ्य सहर बनाएर घोषणा गर्नेगरी अभियान सञ्चालन गरेको जानकारी दिए ।
यसका लागि प्रदेशका १३ वटै जिल्लाका जनस्वास्थ्य कार्यालय प्रमुख, जिल्ला अस्पतालका प्रमुख एवं प्रतिनिधिलगायत सरोकार भएका निकायलाई स्वस्थ, सुरक्षित र दिगो सहर निर्माणका लागि आवश्यक कार्ययोजना तयार गर्ने विषयमा छलफल तथा अभिमुखीकरण समेत सम्पन्न गरिसकेको उनले जानकारी दिए ।
अभिमुखीकरण अनुसार आवश्यक तयारी थाल्न उनले सरोकार भएका सबैलाई निर्देशन दिएको बताए ।
प्रदेशका प्रत्येक जिल्लामा स्वास्थ्यमैत्री वातावरण निर्माण गर्ने, स्वास्थ्यका अत्यावश्यक पूर्वाधार पु¥याउने, जिल्लाका नागरिकको स्वास्थ्य, सरसफाइ तथा जीवनस्तर अभिवृद्धि गर्ने, सहज स्वास्थ्य सेवाको पहुँच पु¥याउने गरी ‘एक जिल्ला एक स्वस्थ सहर’ निर्माण अभियानलाई अगाडि बढाउने निर्णय गरिएको मन्त्री थापामगरले उल्लेख गरे ।
प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव सुमित्रा गौतमले स्वास्थ्य क्षेत्रको प्रभावकारी कार्यान्वयन, उपलब्धि मूल्याङ्कन तथा सुधारका अवसरको पहिचान गरी प्रत्येक जिल्लालाई स्वस्थ्य सहर निर्माण गरी स्वस्थ्य नागरिक बनाउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको धारणा राखे । उनले बागमतीलाई स्वास्थ्य क्षेत्रमा नमूना प्रदेश बनाउने लक्ष्यका साथ स्वास्थ्य क्षेत्रलाई व्यवहारिक, दिगो र परिणाममुखी बनाउनेगरी योजना तर्जुमा गरिएको जानकारी दिए । प्रदेशका १३ वटै जिल्लामा स्वास्थ्य सेवामा गुणस्तरीय बनाउने, पहुँच विस्तार, जनचेतना वृद्धि तथा प्रविधिको प्रभावकारी प्रयोग गर्दै प्राथमिकताका क्षेत्र निर्धारण गरी प्रदेशको समग्र स्वास्थ्य प्रणाली सुदृढीकरण गर्ने लक्ष्य लिएको उनको भनाइ छ ।
प्रत्येक नागरिकले उपचार आफ्नै जिल्लाका अस्पतालमा सहज रूपमा पाउने गरी व्यवस्था गर्दै अस्पताललाई उपकरण, प्रविधिमैत्री बनाउने गरी व्यवस्थापनको तयारी थालिएको स्वास्थ्य सचिव गौतमले जानकारी दिए । स्वस्थ सहर, स्वस्थ नागरिकका लागि प्रदेश स्वास्थ्य मन्त्रालयले अभियान सञ्चालन गर्नेगरी प्रत्येक जिल्लामा तयारी गरिएको उनले बताए । रासस

# बस्ती संरक्षण गर्न १४ स्थानमा तटबन्ध



**बागलुङ ।**
चालू आर्थिक वर्षमा बागलुङका १४ स्थानमा बस्ती संरक्षणका लागि तटबन्ध गर्न थालिएको छ । बर्खाको समयमा कटानको जोखिममा रहेकाले बस्ती संरक्षण गर्न थालिएको हो । गण्डकी प्रदेशले चालू आर्थिक वर्षमा विनियोजन गरेको बजेटले जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङमार्फत तटबन्धन तथा नदी नियन्त्रण गर्न थालिएको हो । गत वर्ष २५ स्थानमा तटबन्ध गरिएको थियो । यस वर्ष बागलुङ नगरपालिकाको दुई, गलकोट नगरपालिकाको ६, बडिगाड गाउँपालिकाको तीन, ढोरपाटन नगरपालिकाको एक र बरेङ गाउँपालिकाको दुई स्थानमा तटबन्ध गर्न थालिएको हो ।
एक करोड ३० लाख लागतमा १४ स्थानमा तटबन्ध गरिने जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका सूचना अधिकारी सुवोध नेपालले जानकारी दिए । उनका अनुसार बागलुङ ३ सिगाला र वडा नं १२ गङ्खेखाल्टामा तटबन्ध गरिने छ । सबैभन्दा बढी तटबन्ध गलकोटमा हुँदै छ । गलकोट–५ मा खहरेखोला, वडा नं ९ को दरमखोला, वडा नं ३ गौदीखोला र दरमखोला, वडा नं २ को नरेठाँटीखोला र वडा नं ११ को काउछेरिगमा तटबन्ध गर्न थालिएको छ ।
बडिगाड गाउँपालिका–५ र ६ मा बडिगाड खोला तथा खहरेखोला, ढोरपाटन–५ स्थित भुजीखोलामा तथा बरेङ गाउँपालिका २ स्थित हुग्दिखोलाको दुई स्थानमा तटबन्ध गरिने सूचना अधिकारी नेपाल बताउँछन् । उनले भने, प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट १४ स्थानमा बस्ती संरक्षण गर्नेगरी तटबन्धको काम सुरु भएको छ, अधिकांश योजनाको सम्झौता गरेर काम अगाडि बढेका छन्, केही योजना सम्झौताकै चरणमा रहेका छन् ।
गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बर्खामा साना तथा ठूला खोलामा पानीको सहत बढ्दा बस्ती नै जोखिममा परेको हुँदा पछिल्लो केही वर्षदेखि बस्ती संरक्षणको काम गर्दै आएको बताए । नगरपालिका र प्रदेश सरकारको लगानीमा दरमखोला तथा गौदीलोखाको विभिन्न क्षेत्रमा तटबन्धनको काम गर्दै आएको उनको भनाइ छ । प्रदेश सरकारको लगानीमा यस वर्ष गलकोटमा रु ५५ लाखको लागतमा ६ तटबनध गर्न थालिएको छ । रासस



*महिला आयोगको अनुगमन टोली पर्सामाः राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीको नेतृत्वमा आएको अनुगमन टोलीले आइतबार पर्साको पर्सागढी नगरपालिका–३ बिरुवा टोल बस्ने ३० वर्षे विशनाथ सहनीले आफ्नो पत्नी हरिकलादेवी सहनीको धारिलो हतियार प्रयोग गरेर खुट्टा काट्ने पतिको तुरुन्त पक्राउ गरेर कानूनी दायरामा ल्याउन पर्साका प्रमुख जिल्ला अधिकारी र पर्साको प्रहरी प्रमुखको ध्यानाकर्षण गराएको छ ।*

# रास्वपा सभापति लामिछाने र प्रधानमन्त्री कार्कीबीच भेट



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीसँग आइतबार बालुवाटारमा शिष्टाचार भेट गरेका छन् । सभापति लामिछानेले प्रधानमन्त्री कार्कीको नेतृत्वमा ऐतिहासिक निर्वाचन सम्पन्न भई देशले शान्तिपूर्णरुपमा निकास भएको भन्दै बधाई ज्ञापन गरे ।

उनले भने, 'समयमै निष्पक्ष निर्वाचन सम्पन्न भई मुलुकले सहज र लोकतान्त्रिक निकास पाएको छ। यो सामान्य कुरा होइन। यो सफलताका लागि म सम्माननीय प्रधानमन्त्रीज्यू, यहाँको मन्त्रिपरिषद् र सचिवालय टिमलाई बधाई र धन्यवाद दिन चाहन्छु ।'

उनले थपे, 'यहाँको चट्टानी अडान र दृढताकै कारण मुलुकले निकास पायो । विगतका कुनै पनि निर्वाचनभन्दा शान्तिपूर्ण, निष्पक्ष र गुणस्तरीय निर्वाचन सम्भव भएको छ । सानो टिम र छोटो समयमा विश्वलाई नै चकित पार्ने गरी निर्वाचनमार्फत मुलुकलाई लोकतान्त्रिक निकास र सुरक्षित अवतरण गर्न तपाईं सफल हुनुभएको छ । यसका लागि तपाईंप्रति हाम्रो उच्च सम्मान छ । तपाईंको यो योगदान मुलुकले सधैँ सम्झिनेछ । हामी पनि सम्झिइरहनेछौँ । आगामी दिनमा पनि यहाँको निरन्तर मार्गदर्शन र अभिभावकीय भूमिकाको अपेक्षा राखेका छौँ । तपाईंको अनुभव र मार्गदर्शन देशलाई र हाम्रो सरकारलाई अझै आवश्यक पर्नेछ ।'

प्रधानमन्त्री कार्कीले रास्वपाले निर्वाचनमा पाएको सफलताका लागि बधाई दिँदै एकताबद्ध भएर देशवासीलाई निराश हुने ठाउँ नराखीकन काम गर्न सुझाव दिइन् ।

'अहिले देश रोएको छ । तपाईं युवाहरुसँग देशवासीले ठूलो अपेक्षा गरेका छन्। तपाईंहरुले देशको मुहारमा मुस्कान ल्याउन सक्नुपर्नेछ। चुनौती धेरै छन् तर सम्हालिएर अघि बढ्नू,' प्रधानमन्त्री कार्कीले भनिन्, 'इमानका साथ काम गरे अपेक्षित नतिजा अवश्य पाइन्छ। विरोध र आलोचना गर्नेहरुलाई कामबाटै जवाफ दिन सक्नुपर्दोरहेछ ।'

भेटमा उनीहरुबीच समसामयिक राजनीतिक विषयमा छलफल पनि भएको थियो । सभापति लामिछानेले यो सरकारले गरेका निर्णयमा आफ्नो र पार्टीको तर्फबाट कुनै आपत्ति नरहेको पनि स्पष्ट पारे ।

'सरकार भनेको सरकार नै हो । अन्तिम दिनसम्म यसले काम गर्न पाउँछ । यो सरकारले गरेका निर्णयमा हाम्रो कुनै आपत्ति छैन,' उनले भने, 'अझ यो ऐतिहासिक अभिभारा पूरा गरेको सरकारका प्रति त हाम्रो उच्च सम्मान छ ।

त्यसैले यो सरकारका कदममा साथ दिन्छौँ र निर्णय पनि हामी शिरोपर गर्छौँ ।' उनले अर्को सरकार नआउँदासम्म गर्न सकिने काम पूर्ण क्षमताका साथ गर्न पनि सुझाव दिए ।

पोर्चुगलमा नेपाली विद्यार्थीले भोगेका समस्या, मध्यपूर्वमा व्याप्त तनावका बीच नेपाली श्रमिकको सुरक्षा र पेट्रोलियम पदार्थको आपूर्तिका विषयमा पनि चासो राख्दै उनले यी विषयमा पनि उचित कदम चाल्न आग्रह गरे ।

# मधेशमा चैती छठ सुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
आइतबारदेखि विधिवत रुपमा चैती छठ पर्व शुरु भएको छ । चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने चैती छठ पर्व आइतबारदेखि तराईको पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ लगायतका क्षेत्रमा धार्मिक विधिपूर्वक शुरु भएको हो ।

चैती छठ विभिन्न पोखरी, तलाउ तथा नदी किनारमा धुमधामका साथ मनाउने गरिन्छ । छठमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने चैती छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्छ ।

चार दिनसम्म मनाइने चैती छठको पहिलो दिन आज व्रतालुले नहाःखा अर्थात् नुहाएर खाने गर्छन् । पर्वको दोस्रो दिन सोमबार खर्ना दिनभर उपवास बसेर मनाइन्छ । राति छठ देवतालाई पूजा गर्ने अनि अरवा अरबाईन (बिना नुन हालेको) खानेकुरा खाने चलन छ । त्यस्तै, षष्ठीका दिन अर्थात् (मङ्गलबार) बेलुका गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान पिसान गरी त्यसबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठेकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मूला, गाँजर, माटोको हात्ती, ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्ने गर्छन् ।

त्यसको भोलिपल्ट अर्थात बुधबार बिहानै पुनः छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहो¥याई प्रातःकालीन उदाउँदो सूर्यलाई अर्घ दिई चैती छठ पर्व सम्पन्न गर्ने चलन छ ।

**जनकपुरधाममा पोखरी सरसफाइ तीव्र**

चैती छठ पर्व सुरु भएसँगै जनकपुरधाममा तयारी तीव्र पारिएको छ । जानकी मन्दिर नजिकै रहेको अरगज्जा सर पोखरीमा प्रत्येक वर्षझैँ सरसफाइ तथा सजावटको काम सुरु गरिएको छ । अरगज्जा सर छठ पूजा समितिको अगुवाइमा त्यहाँ विशेष तयारी भइरहेको छ । यसका साथै गंगासागर र धनुष सागर पोखरीलगायत जनकपुरधामका विभिन्न जलाशय तथा गाउँ–गाउँमा पनि छठ पर्वको तयारी सुरु भएको छ ।

# मधेशी दलित समुदाय आन्दोलनको तयारीमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशी दलित समुदायले पछिल्ला पाँच वर्षलाई 'कालो दिन' सावित भएको भन्दै प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ आफूहरूको प्रतिनिधित्व नहुँदा गम्भीर असन्तुष्टि व्यक्त गरेका छन् ।

दलित समुदायले निर्वाचन आयोगसम्बन्धी ऐनमा रहेका त्रुटिहरू सच्याउन सरकारसँग माग गर्दै ज्ञापनपत्र बुझाउने तथा विरोध कार्यक्रम गर्ने तयारी गरेका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्रका प्रदेश संयोजक राजु पासमानले प्रतिनिधिसभामा मधेशी दलित समुदायबाट कोही पनि प्रतिनिधित्व नभएको उल्लेख गर्दै समावेशितामा स्पष्ट अभाव देखिएको बताए ।

'प्रतिनिधित्व सुनिश्चित गर्न ऐनमा रहेका त्रुटिहरू सुधार गर्नु आवश्यक छ,' उनले भने । मधेशकी पूर्वसांसद चमेली देवी दासले आन्दोलनको चेतावनी दिँदै भनिन्, 'सडकदेखि सदनसम्म घेराउलगायतका आन्दोलन गर्नेछौं । ऐनमा रहेका त्रुटि सच्याउन प्रधानमन्त्रीलगायत सम्बन्धित निकायमा ज्ञापनपत्र बुझाउने र पालिकादेखि प्रदेशसम्म संघर्ष समिति गठन गर्ने तयारी छ ।'

दलित अगुवा रामो महराले आन्दोलन कसैको विरोधमा नभई अधिकार सुनिश्चित गर्नका लागि भएको स्पष्ट पार्दै प्रत्यक्षतर्फ दलित आरक्षित निर्वाचन क्षेत्रको व्यवस्था गर्नुपर्ने माग राखे ।

कार्यक्रममा विनोद महरा, राजाराम मण्डल, सुनिता मेस्तर्नी, रामवरण पासमान, किरण दास, सिजेन्द्र सदा, रेखा रामसहित आठवटा जिल्लाका दलित अगुवाहरूको सहभागिता रहेको थियो ।

# एभरेष्ट चिनी उद्योगमा लक्ष्यभन्दा कम उखु क्रसिङ

**महोत्तरी ।**
चालु आर्थिक वर्ष २०८२–८३ को यामना महोत्तरीको गौशाला नगरपालिका–१ रामनगरस्थित एभरेष्ट चिनी उद्योगले उखु अभाव हुँदा क्रसिङ लक्ष्य हासिल गर्न सकेन । यस याममा ८९ दिन मात्र उखु क्रसिङ गरिएकामा २८ लाख ५३ हजार १ सय ७८ क्विन्टल क्रसिङ भएको उद्योगले जनाएको छ । उद्योगले राखेको लक्ष्यभन्दा दुई लाख ४७ हजार ८ सय २२ क्विन्टल कम हो । उद्योगले यसयाममा ३१ लाख क्विन्टल उखु क्रसिङको लक्ष्य राखेको थियो ।

'हामीले ३१ लाख क्विन्टल उखु क्रसिङको लक्ष्य राखेका थियौँ, तर उखु पर्याप्त नपाइँदा यो लक्ष्य हासिल गर्न सकेनौँ,' उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाले भने, 'उखुको अभावले कैयौँ पटक क्रसिङ रोक्दै चलाउँदै गर्नुप¥यो ।' उद्योगले गत पुस ७ गते थालेको क्रसिङ गत बिहीबारसम्म सञ्चालन गरेको थियो ।

उद्योगले पछिल्ला तीन–चार वर्षयता उखुको भुक्तानी प्रक्रिया सरल बनाए पनि उखुखेती बढ्न सकेको छैन । एक दशकअघि १५ हजार बिघामाथि रहेको उखुखेती चार वर्षअघि झरेर पाँच–छ हजार बिघामा खुम्चिएको छ । त्यसअघिका वर्षमा भुक्तानी झन्झटिलो हुँदा खेती गर्न छाड्दै गएका किसानले पछिल्ला तीन वर्षयता यो प्रक्रिया सरल बनाउँदै लगेपछि क्रमशः खेती बढाउँदै लगेका छन् ।

हाल करिब नौ हजार बिघामा उखुखेती हुने गरेको उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले जानकारी दिए । 'उद्योगले भुक्तानी प्रणाली सरल बनाएपछि खेती गर्ने किसानको संख्या केही बढेको छ, तर मूल्य निर्धारण र अनुदानमा भने किसान समस्यामा छन्,' उनले भने, 'यही समस्या समाधान नहुँदा किसानमा उत्साह जाग्न सकेको छैन ।'

उखु किसानका प्रतिनिधि संस्थाले उद्योग, सरकार र आपूm सहितको सहभागितामा प्रत्येक वर्ष कात्तिक मसान्तभित्र उखुको मूल्य निर्धारण भइसक्नुपर्ने र अनुदान बढाउन पर्ने माग गर्दै आएका छन् । सरकारले किसानका प्रतिनिधिलाई खोज्दै नखोजी एकपक्षीय रूपमा मूल्य निर्धारण गर्दै आएको कुशवाहाको गुनासो छ । यो मूल्य निर्धारण पनि बाली तयार भइसकेपछि किसानलाई कमजोर बनाएर हुँदै आएको उनले धारणा राखे । यो अवस्थाले खेती बढ्न नसक्दा किसान र उद्योग दुवैलाई मर्का परेको कुशवाहाले जानकारी दिए ।

'किसानले उखुको मूल्य प्रतिक्विन्टल ७ सय ५० रुपैयाँ माग गरे पनि सरकारले उखुको मूल्य ६ सय २० रुपैयाँ र अनुदान ७० रुपैयाँ गरी ६ सय ९० कायम गरेको छ । यो बढ्दो खेतीको लागत र आममूल्यवृद्धिको अनुपातमा कम हो,' उनले भने ।

चिनी उद्योगले उखुको भुक्तानी तौल भएको दुई साता ननाघ्दै दिँदै आएको जनाएको छ । पछिल्लो एक साता (फागुन २७ देखि चैत ५) सम्मको मात्र उखुको भुक्तानी बाँकी रहेको उद्योगका महाप्रबन्धक शुक्लाले बताउनुभयो । केही दिनभित्रै भुक्तानी गरिसक्ने उद्योगले जनाएको छ । हालसम्म गत फागुन २६ गतेसम्म तौल भएका २६ लाख ३२ हजार क्विन्टल उखुको एक अर्ब ६२ करोड रुपैयाँ भुक्तानी किसानका बैंक खातामा गइसकेको उद्योगका महाप्रबन्धक शुक्लाले जानकारी दिए । उनका अनुसार यो भुक्तानी रकम एक हजार १ सय ७४ किसानले पाएका छन् । रासस

# बर्दिबासमा क्रसरजन्य सामग्रीको अवैध उत्खनन्

**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिबासमा रातिको समयमा अवैध रुपमा नदिजन्य पदार्थ उत्खनन् भइरहेको भन्दै स्थानीयवासीले चिन्ता जाहेर गरेका छन् । बर्दिबास नगरपालिका–६ स्थित जगदम्बा क्रसर आसपास क्षेत्रमा राति र दिउँसो दुवै समयमा उत्खनन भइरहेको स्थानीयको गुनासो छ ।

यस क्षेत्रका बासिन्दाका अनुसार चैत ६ गते राति करिब १ बजेदेखि बिहान ४ बजेसम्म निरन्तर उत्खनन् गरिएको थियो । सोही स्थानमा चैत्र ७ गते शनिबार दिउँसो पनि अवैध रुपमा उत्खनन जारी रहयो ।

उत्खनन गरिएको सामग्री प्रेमनगर, लकडाउन बजार हुँदै पशुपतिनगरतर्फ ढुवानी भइरहेको छ । प्रयाजसो रातभर उत्खनन गर्ने र बिहान देखि ढुवानी गर्ने गरिएको स्थानीयले बताए । नदिजन्य पदार्थको दोहनमा स्थानीय सरकार र प्रहरी प्रशासन समेत मिलिभगत देखिएकोले उपल्लो निकायबाट छानविन हुनु पर्ने उनीहरूको भनाई छ । नदी दोहनका कारण बाढी–कटानको जोखिम बढ्नुका साथै वातावरणीय असन्तुलन हुने खतरा बढेको उनीहरूको भनाइ छ ।

# २६ वर्षपछि पूरा भयो तरेगना खानेपानी आयोजना

**सिरहा ।**
खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय राजविराजले २६ वर्षअघि सुरु गरेको लहान नगरपालिका–१६ स्थित तरेगना खानेपानी आयोजना आइतबारदेखि औपचारिक रूपमा सञ्चालनमा आएको छ । लामो समयदेखि अलपत्र अवस्थामा रहेको आयोजना विश्व पानी दिवसको अवसर पारेर उद्घाटन गरिएको हो ।

विसं २०५६ मा दुई लाख २५ हजार लिटर क्षमताको 'ओभरहेड ट्याङ्की' निर्माण गरिए पनि बोरिङमा पानी नआउँदा आयोजना अलपत्र परेको थियो । गतवर्ष डिभिजन कार्यालयले नेपाल खानेपानी संस्थान लहान शाखालाई बाँकी कामको जिम्मेवारी हस्तान्तरण गरेपछि आयोजनाले गति लिएको हो ।

'वाटर एड' नेपालको आर्थिक सहयोग तथा दलित जनकल्याण युवा क्लब लहान र खानेपानी संस्थानको संयुक्त साझेदारीमा सञ्चालित 'विकन परियोजना'ले करिब ६० लाख रुपैयाँको लागतमा एक वर्षभित्र जीर्ण संरचनाको मर्मत र नयाँ बोरिङ जडान गरी आयोजना सम्पन्न गरेको हो ।

नेपाल खानेपानी संस्थान लहानका प्रमुख राकेश गोइतका अनुसार विगतमा गरिएका दुईवटा बोरिङ असफल भएपछि यसपटक दुई किलोमिटर टाढाबाट पानी ल्याइएको छ । उनले भने, 'पहिले ट्याङ्की छेउमा गाडिएका डिप बोरिङबाट पानी नआएपछि आयोजना ठप्प भएको थियो । हामीले जिम्मेवारी पाएपछि विकन परियोजनाको सहयोगमा दुई किलोमिटर टाढा नयाँ बोरिङ जडान गरी ट्याङ्कीमा पानी चढाउन सफल भयौँ । अहिले २१ घरधुरीबाट वितरण सुरु गरिएको छ भने छिट्टै लहान–१६ र १७ का पाँच सय परिवारमा पाइपलाइन विस्तार गर्ने लक्ष्य छ ।'

आयोजना सुरु गर्न २६ वर्षअघिदेखि पहल गर्दै आएका लहान–१६ का ७२ वर्षीय वडाध्यक्ष गड्डुलबहादुर जर्घा मगरले आयोजना सञ्चालन भएपछि यहाँका स्थानीयले स्वच्छ खानेपानी उपभोग गर्न पाउने विश्वास व्यक्त गरे । उनले भने, '२०५६ सालमा यहाँका नागरिकलाई स्वच्छ पानी खुवाउने सपना बोकेर सङ्घर्षसहित आयोजना ल्याएको थिएँ । प्राविधिक समस्याले गर्दा झण्डै तीन दशक कुर्नुप¥यो । आइतबार आफ्नै कार्यकालमा तरेगनाबासीको घरघरमा पानी पुगेको देख्न पाउँदा गौरव महसुस भएको छ ।'

दलित जनकल्याण युवा क्लबका विकन परियोजना प्रबन्धक राजेशकुमार लोहनीले चुरे क्षेत्रसँग जोडिएको यस भेगमा भूमिगत पानीको स्रोत सुक्दै गएकाले यो आयोजनाले दिगो समाधान दिने विश्वास व्यक्त गरे । उनले भने, 'हामीले लहान नगरपालिका र खानेपानी संस्थानसँगको संयुक्त साझेदारीमा सन् २०१८ देखि यहाँको खानेपानी समस्या समाधानका लागि काम गरिरहेका थियौँ । यो आयोजना सम्पन्न हुनु यहाँका दलित र विपन्न समुदायका लागि ठूलो उपलब्धि हो ।'

चुरे फेदीमा रहेको यो क्षेत्रमा पानीको सतह घट्दै जाँदा स्थानीय बासिन्दाले लामो समयदेखि खानेपानीको अभाव झेल्दै आएका थिए । अब आयोजना पूर्ण क्षमतामा सञ्चालन भएसँगै लहानका दुई वटा वडाका बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच सहज हुने भएको छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन